मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ | अंक १६३ | २०८३ साल वैशाख १९ गते शनिबार | Saturday 02, May 2026 | सूर्योदयः बिहान ०५:२७ बजे | सूर्यास्तः साँझ ०६:३८ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## राष्ट्रपतिद्वारा सम्पत्ति शुद्धिकरण अध्यादेश जारी

**मधेशदृष्टि**
**काठमाडौं।**
राष्ट्रपति रामचन्द्र पौडेलले सम्पत्ति सुद्धिकरण ऐनको संशोधनसम्वन्धी अध्यादेश जारी गरेका छन्।
सरकारले सिफारिस गरेका ८ अध्यादेशमध्ये उनले तेस्रो अध्यादेश प्रमाणीकरणपछि जारी गरेका हुन्।
सम्पत्ति सुद्धिकरण (मनि लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश २०८३ जारी भएको हो।
नेपालको संविधानको धारा ११४ को उपधारा १ बमोजिम मन्त्रीपरिषदको सिफारिसमा अध्यादेश जारी भएको राष्ट्रपतिका प्रवक्ता रितेशकुमार शाक्यले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

# आकार घटाएर बजेट ल्याउने तयारीमा मधेश सरकार

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि बजेट निर्माण प्रक्रिया तीव्र बनाएको छ । प्रदेश अर्थ मन्त्रालयले सबै मन्त्रालयहरूसँग आवश्यक योजना तथा कार्यक्रमको विवरण माग गर्दै बजेट तयारीलाई अगाडि बढाएको हो । यसपटक प्रदेश सरकारले विगतका कमजोरीलाई ध्यानमा राख्दै बजेटको आकार घटाउने रणनीति अपनाएको छ । यथार्थ आयस्रोतको मूल्याङ्कन नगरी ठूलो बजेट ल्याउँदा कार्यान्वयनमा समस्या आउने, घाटा बढ्ने र योजना अधुरै रहने अवस्था दोहोरिएको अनुभवका आधारमा अब व्यावहारिक र कार्यान्वयनयोग्य बजेटमा जोड दिइएको हो।



प्रदेशका अर्थमन्त्री महेश यादवका अनुसार आगामी बजेट खर्च गर्न सकिने र परिणाम दिने योजनामा केन्द्रित हुनेछ । उनले बजेट सीमा निर्धारणको प्रक्रिया सुरु भइसकेको जानकारी दिँदै आकारभन्दा प्रभावकारी कार्यान्वयनलाई प्राथमिकता दिने स्पष्ट पारे।
चालु आर्थिक वर्षमा करिब ४७ अर्ब रुपैयाँको बजेट ल्याइएको भए पनि अब त्यसलाई घटाएर बढीमा ३२ अर्ब रुपैयाँको आसपासमा सीमित गर्ने तयारी गरिएको छ । मन्त्री यादवले साना तथा टुक्रे योजनालाई निरुत्साहित गर्दै ठूला र मझौला योजनालाई मात्र प्राथमिकता दिने नीति लिइएको बताए । प्रारम्भिक रूपमा कम्तीमा एक करोड रुपैयाँभन्दा माथिका योजनालाई मात्रै बजेटमा समावेश गर्ने तयारी छ।
प्रदेश अर्थ मन्त्रालयका सचिव रामकुमार महतोले आर्थिक कार्यविधिअनुसार प्रारम्भिक राजस्व प्रक्षेपण संघीय सरकारसमक्ष पेस गरिसकिएको जानकारी दिए । उनका अनुसार बजेट मार्गदर्शन तथा सीमा निर्धारणको मस्यौदा तयार भइसकेको छ र त्यसबारे छलफल सुरु भइसकेको छ । आवश्यक प्रक्रिया पूरा भएपछि मन्त्रालयहरूलाई बजेट सीमा पठाइनेछ । यससँगै स्थानीय तहसँगको अन्तरवित्तीय हस्तान्तरण प्रणालीमा पनि परिवर्तन गर्ने तयारी गरिएको छ । विगतमा सिधै अनुदान दिने व्यवस्था प्रभावकारी नभएको निष्कर्ष निकाल्दै अब स्थानीय तहबाटै योजना प्रस्ताव मागेर प्रदेश बजेटमा समावेश गर्ने योजना बनाइएको हो । कार्यान्वयन स्थानीय तहले गर्ने भए पनि भुक्तानी प्रक्रिया प्रदेश सरकारमार्फत सञ्चालन गर्ने गरी नयाँ व्यवस्था ल्याउने तयारी गरिएको छ।
समग्रमा, मधेश प्रदेश सरकारले यसपटक बजेट निर्माणमा पारदर्शिता, उत्तरदायित्व र परिणाममुखी कार्यान्वयनलाई केन्द्रमा राख्दै सीमित स्रोतको अधिकतम उपयोग गर्ने लक्ष्य लिएको जनाएको छ।

# मिथिला शहीदको स्मृति ओझेलमा






**मधेशदृष्टि**
**जनकपुरधाम।**
मिथिलाको इतिहासमा बैशाख १८ केवल एउटा मिति होइन, त्याग, संघर्ष र आत्मबलिदानको प्रतीकका रूपमा स्थापित दिन हो। रामानन्द चोकमा भएको बम विस्फोटमा ज्यान गुमाएका पाँच जनाको सम्झनामा प्रत्येक वर्ष 'मिथिला शहीद बलिदानी दिवस' मनाइन्छ । तर, यस दिनसँगै एउटा गम्भीर प्रश्न फेरि उठ्छ—के राज्य र समाजले ती शहीदहरूको योगदानलाई न्यायोचित सम्मान दिएका छन्?
रञ्जु झा, सुरेश उपाध्याय, विमल शरण, दीपेन्द्र दास र झगडु मण्डलले दिएको बलिदान केवल व्यक्तिगत क्षति नभई मिथिला आन्दोलनको कालो अध्याय हो। मैथिली भाषा र पहिचानको संरक्षणका लागि उनीहरूको योगदान ऐतिहासिक रूपमा स्मरणीय छ। तर विडम्बना, यति ठूलो बलिदानको सम्झनामा जनकपुरधाममै एउटा व्यवस्थित स्मारकसमेत निर्माण हुन सकेको छैन।
अहिले जनकपुरधाममा 'मिथिला विकास'का नाममा विभिन्न भौतिक संरचना निर्माण भइरहेका छन् । करोडौं लागतमा भवनहरू ठडिएका छन्, योजनाहरू कार्यान्वयन भइरहेका छन् । तर, यही शहरमा ती शहीदहरूको सम्झनामा एउटा सामान्य स्मृति स्थलसमेत नहुनु गम्भीर प्रश्न बनेको छ।
स्थानीय भन्छन्—राज्यको प्राथमिकता भौतिक पूर्वाधारमा केन्द्रित भए पनि त्यसको आधार बनेको बलिदान भने ओझेलमा परेको छ । नागरिक समाजका अगुवाहरूले पहिचानका नाममा बजेट खर्च गर्ने तर त्यही पहिचानका लागि ज्यान दिनेहरूको सम्मानमा उदासीनता देखाउनु उचित नभएको बताएका छन्।
मिथिला केवल भौगोलिक क्षेत्र होइन, यो समृद्ध संस्कृति, भाषा र जीवनशैलीको प्रतिनिधित्व गर्ने सभ्यता हो। अन्तर्राष्ट्रिय स्तरसम्म मैथिली भाषा र संस्कृतिको संरक्षणको चर्चा भइरहँदा आफ्नै मुलुकभित्र यसको उपेक्षा हुनु विरोधाभासपूर्ण देखिन्छ।
विश्लेषकहरूका अनुसार मिथिला आन्दोलन भाषिक अधिकारको मात्र मुद्दा नभई पहिचान, समानता र सम्मानको आन्दोलन हो। यस्तो आन्दोलनमा ज्यान गुमाउनेहरूको सम्मान नगर्नु इतिहासप्रति अन्याय हुने उनीहरूको भनाइ छ।
देशका अन्य स्थानमा विभिन्न आन्दोलनका शहीदहरूको नाममा स्मारक, दिवस र संग्रहालय स्थापना भएका उदाहरण छन्। तर जनकपुरधाममा भने बलिदानस्थलमै कुनै चिन्ह नहुनु राज्यको संवेदनशीलतामाथि प्रश्न उठाउने विषय बनेको छ।
यस अवस्थाले भावी पुस्तामा कस्तो सन्देश जाने भन्ने चिन्ता पनि उत्तिकै महत्वपूर्ण छ। इतिहासलाई सम्मान नगर्ने समाजले सुदृढ भविष्य निर्माण गर्न नसक्ने चेतावनी दिँदै नागरिक समाजले राज्यलाई समयमै गम्भीर बन्न आग्रह गरेको छ।
राजनीति केवल सत्ता सञ्चालनको माध्यम नभई जनभावनासँग जोडिएको प्रक्रिया हो। जब राज्यले जनताको संघर्ष र पीडालाई आत्मसात गर्न सक्दैन, तब शासनप्रति विश्वास कमजोर बन्दै जान्छ । मिथिलाको सवाल पनि यही संवेदनशीलतासँग जोडिएको विषय हो।
जनकपुरधाम अहिले मौन छैन । यहाँका नागरिकहरू आफ्नो इतिहास, पहिचान र बलिदानको सम्मानका लागि आवाज उठाइरहेका छन् । उनीहरूको चेतावनी स्पष्ट छ—यदि बलिदानलाई निरन्तर बेवास्ता गरियो भने त्यसले असन्तुष्टि र द्वन्द्व निम्त्याउन सक्छ।
अन्ततः प्रश्न राज्यकै सामु छ—के इतिहासलाई सम्मान गर्दै यसलाई सकारात्मक मोड दिने, कि उपेक्षाले यसलाई विवादमा बदल्ने?

# सीमामा लादिएको करमा कांग्रेस आन्दोलित

**मधेशदृष्टि**
**वीरगंज।**
सीमावर्ती नाकामा लागू गरिएको १०० रुपैयाँ बराबरको सामान मात्रै ल्याउन पाउने कडाइ विरुद्ध नेपाली कांग्रेसले सङ्गठित रूपमा दवाव दिन र आवाज उठाउन थालेको छ । भारत सिमावर्ती मधेश क्षेत्रको जनजीवन, साना व्यापार र दैनिक उपभोगमा गम्भीर असर परेको भन्दै कांग्रेसले त्यस विरुद्ध दबाब अभियान सुरु गरेको हो।
शुक्रबारदेखि काठमाडौँमा सुरु नेपाली कांग्रेसको 'ग्रिन टेबल' संवाद कार्यक्रमको पहिलो विषय नै सिमानामा लगाइएको कर सम्बन्धी व्यवस्थालाई बनाइएको छ । कार्यक्रममा सीमा तथा अन्तर्देशीय व्यापार विज्ञ राजन शर्मा र सीमा क्षेत्रबाट प्रतिनिधिसभामा निर्वाचित सांसद रेखा कुमारी यादव वक्ताका रूपमा सहभागी रहेका थिए । कार्यक्रम पर्साका स्थानीय युवा अगुवा तथा नेका मधेशका युवा नेता कन्चन झाले सहजीकरण गरेका थिए । कांग्रेस सभापति गगनकुमार थापाले पनि १०० रुपैयाँको सीमा हटाएर व्यवहारिक नयाँ विकल्प खोज्न सबैलाई आग्रह गरेका छन्।

### जनादेशअनुसार अघि बढ्न कांग्रेस प्रतिबद्ध छ

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले जनताले कांग्रेसलाई प्रतिपक्षमा बस्ने स्पष्ट जनादेश दिएकाले पार्टीले आगामी पाँच वर्ष जिम्मेवार, सशक्त र रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताएका छन्।
शुक्रबार १३७औँ विश्व श्रमिक दिवसका अवसरमा 'लोकतन्त्र, ट्रेड युनियन र मानवअधिकारः समग्र श्रमिकको संवैधानिक अधिकार' भन्ने नारासहित नेपाल ट्रेड युनियन कांग्रेसद्वारा आयोजित कार्यक्रममा सभापति थापाले कांग्रेस जनादेशअनुसार अघि बढ्ने प्रतिबद्धता जनाए।
लोकतान्त्रिक मूल्य, मान्यताअनुरूप संसदीय प्रणालीभित्रै रहेर कांग्रेसले प्रभावकारी प्रतिपक्षको भूमिका निर्वाह गर्ने उनले स्पष्ट पारे । नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय परिषद्का अध्यक्ष योगेन्द्र कुँवरले सरकार श्रमिकका माग सुनुवाइ गरी समस्या समाधान गर्नुपर्नेमा जोड दिए।
सोही कार्यक्रममा विभिन्न राष्ट्रबाट आएका श्रमिक अगुवाले श्रमिक अधिकारको संरक्षण, सामाजिक न्याय र समावेशी आर्थिक विकासका लागि सरकार, निजी क्षेत्र र श्रमिक सङ्गठनबीच सहकार्य आवश्यक रहेकामा जोड दिएका थिए।
कार्यक्रमका वक्ताहरूले श्रमिक अधिकार, सामाजिक सुरक्षा, न्यूनतम पारिश्रमिक, सुरक्षित काम गर्ने वातावरण र ट्रेड युनियनको भूमिकाबारे आआफ्ना धारणा प्रस्तुत गरेका थिए।

# सरकारी कागजात कीर्तेमा संलग्न अग्रवाल पक्राउ



**मधेशदृष्टि**
**वीरगंज।**
सरकारी विभागको नक्कली लेटरहेड, छाप र पूर्व महानिर्देशकको हस्ताक्षर किर्ते गरी प्रतिबन्धित छोकडा आयात गर्न खोजेको अभियोगमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले वीरगंजबाट एक व्यवसायीलाई पक्राउ गरेको छ।
पक्राउ पर्नेमा काठमाडौँको कालिकास्थानस्थित सिमभिन इन्टरनेसनल इम्पेक्सका सञ्चालक ५५ वर्षीय नवीन कुमार अग्रवाल रहेका छन्।
उनलाई बिहीबार वीरगंज महानगरपालिका–११ आदर्शनगरबाट पक्राउ गरिएको हो।
प्रहरीका अनुसार, नेपाल सरकारले वि.सं. २०७६ चैत २४ गते राजपत्रमा सूचना प्रकाशित गरी छोकडा (खजुर) को आयातमा पूर्ण प्रतिबन्ध लगाएको थियो।
प्रतिबन्ध अहिलेसम्म कायम छ। तर व्यवसायी अग्रवालले उक्त प्रतिबन्धलाई छल्ने उद्देश्यले वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, बबरमहल काठमाडौँको नक्कली लेटरहेड, छाप र विभागका पूर्व महानिर्देशकको नाम तथा हस्ताक्षर प्रयोग गरी १०० टन छोकडा आयात गर्न अनुमति दिने किर्ते पत्र तयार पारेका थिए।
किर्ते अनुमति पत्र वीरगंज भन्सार कार्यालयमा पेस गरेर सामान भित्र्याउन खोजेको प्रहरीको अनुसन्धानबाट खुलेको छ। भन्सार कार्यालयमा सामान आइपुगेपछि अधिकारीहरूलाई अनुमति पत्रमा शङ्का लागेको थियो । भन्सारले वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा पत्रको यथार्थता बुझ्दा उक्त पत्र किर्ते भएको पुष्टि भएको हो । त्यसपछि भन्सारले १०० टन छोकडा जफत गरी थप अनुसन्धानका लागि सीआईबीलाई जानकारी गराएको थियो।

# लिग २ क्रिकेटमा यूएई नेपालसँग पराजित



**मधेशदृष्टि**
**काठमाडौँ।**
लिग २ अन्तरगत शुक्रबार भएको यूएईविरुद्धको म्याचमा नेपालले ६ रनको रोमाञ्चक जित हात पारेको छ। अन्तिम बलसम्म पुगेको खेलमा नेपालका बलर नन्दन यादवले यूएईलाई रोक्न सफल भए।
अन्तिम ओभरमा यूएईलाई १४ रन आवश्यक थियो। पहिलो बलमा खुजैमा तनवीरले चौका प्रहार गरे । दोस्रो बलमा यादवले तनवीरलाई आउट पारे भने तेस्रो बलमा जुनैद सिद्धिकी रनआउट हुन पुगे।
चौथो बलमा अक्षदीप नाथले चौका प्रहार गर्दै यूएईलाई खेलमा फर्काए। यूएईलाई दुई बलमा ७ रन आवश्यक थियो । नन्दनले पाँचौं र छैटौं बलमा यूएईलाई रन बनाउन दिएनन् र खेल नेपालको पोल्टामा पारे।
वर्षाले प्रभावित बनेको खेलमा यूएईले ३८ ओभरमा २५५ रनको लक्ष्य पाएको थियो । यूएईले ३८ ओभरमा ८ विकेट गुमाएर १४८ रनमात्रै बनायो । मुहम्मद शहदादले ६५, खुजैमा तनवीरले ४९, आर्यान्स शर्माले ३३ तथा अक्षदीप नाथले अविजित ३६ रन जोडे।
बलिङतर्फ नेपालका सन्दीप लामिछानेले तीन तथा सोमपाल कामी र नन्दन यादवले दुई–दुई विकेट लिए। त्यसअघि कीर्तिपुस्थित टियु मैदानमा टस जितेर पहिले ब्याटिङ थालेको नेपालले ५० ओभरमा ७ विकेट गुमाएर २८९ रन जोड्यो।
उपकप्तान दीपेन्द्र सिंह ऐरीले शतकीय पारी खेले। ९४ बल खेलेका उनी १०० रनमा रनआउट हुन पुगे। यस्तै, विनोद भण्डारीले ५६, रोहित पौडेलले ३९ तथा गुलशन झाले ४४ रन जोडे।
बलिङतर्फ यूएईका अजय कुमार र जुनैद सिद्धिकीले दुई–दुई तथा खुजैमा तनवीर हैदर अलीले एक–एक विकेट लिए। यसअघिको खेलमा नेपालले यूएईलाई ३७ रनले हराएको थियो।



# ३८० वर्ष पुरानो 'माण्डव्य ऋषिको रथयात्रा'

**पाल्पा।**
तानसेन नगरपालिका–९ दमकडामा ३८० वर्ष पुरानो माण्डव्य ऋषिको रथयात्रा निकालिएको छ । माण्डव्य ऋषिको तपोभूमिका रूपमा रहेको माडीफाँटको दक्षिण दमकडास्थित माण्डव्य ऋषिको मन्दिरबाट शुक्रबार रथयात्रा निकालिएको हो।

हरेक वर्ष वैशाख पूर्णिमाका दिन रथयात्रा निकाल्ने गरिन्छ । मन्दिर स्थापना भएको ३७७ वर्ष पूरा भएको अवसरमा पहिलोपटक यहाँ रथयात्रा निकालिएको थियो। यो चौथो रथयात्रा हो । माण्डव्य क्षेत्र उत्थान प्रतिष्ठानका तानसेनको आयोजना र तानसेन नगरपालिका–९ वडा कार्यालयको सहआयोजनामा रथयात्रा निकालिएको हो । रथयात्रा तिन्टीआप, दमकडा र अम्लेयान क्षेत्रमा घुमाइएको थियो । रथयात्राका क्रममा स्थानीय भजनकीर्तन, पञ्चेबाजा, ब्याण्डबाजासहित सङ्घसंस्था, टोल विकास संस्था, स्थानीय आमा समूहको सहभागिता रहेको थियो।

माण्डव्य ऋषिको योगदानलाई जनमासमा पुर्याउन र बैदिक परम्परागत कला, संस्कृति जोगाउन विगत चार वर्षदेखि




रथयात्रा निकाल्न थालिएको माण्डव्य क्षेत्र उत्थान प्रतिष्ठानका अध्यक्ष पुरुषोत्तम अर्याललले बताए । छ हजार वर्ष अगाडि माण्डव्य ऋषिले तपस्या गरेको तपोभूमि भएकाले यसको धार्मिक तथा ऐतिहासिक महत्व रहेको उनको भनाइ छ । ऋषिकै नामबाट नामकरण गरिएको माडीफाँटको किनार दमकडामा मन्दिर स्थापना गरिएको छ। तपस्या र साधनायुक्त ठानिने माण्डव्य ऋषिको यहाँ मन्दिर स्थापना गरिएको स्थानीय पत्रकार प्रकाश नेपालले बताए।

धार्मिकशास्त्रमा ऋषिको व्यख्याअनुरूप महत्त्व र महिमा ठूलो भए पनि प्रचारप्रसारको कमीले गर्दा ओझेलमा परेको उनको भनाइ छ। रथलाई विगतमा जस्तै उत्साहजन रूपमा निकालिएको प्रतिष्ठानका सदस्य लोकनाथ अधिकारीले बताए । उनका अनुसार यो मन्दिर विसं १७०३ मा स्थापना गरिएको थियो।

पुरानो र ऐतिहासिक, धार्मिक सम्पदाका रूपमा रहेको यो मन्दिरको प्रचारप्रसार नहुँदा भने ओझेलमा परेको छ । मन्दिरको आफ्नै महत्त्व र इतिहास रहे पनि सम्बन्धित निकायले चासो नदिँदा भने ओझेलमा पर्न गएको हो । स्थानीय धार्मिक, सांस्कृति, पर्यटकीय सम्पदाको संरक्षण गर्ने दायित्व स्थानीय सरकारको रहे पनि विगतका स्थानीय सरकारले यस्ता सम्पदाप्रति बेवास्ता गर्दा ओझेलमा परेका हुन् । अहिलेको स्थानीय सरकारले भने माण्डव्य ऋषि मन्दिरको प्रचारप्रसारमा केही चासो देखाएको छ। यो मन्दिरको प्रचारप्रसार गरी धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने उद्देश्य राखेर तानसेन नगर सरकार र वडा कार्यालयले चासो देखाएका छन्। मन्दिर स्थापना भएको केही वर्षसम्म रथ निकाल्ने परामपरा रहे पनि लामो समययता निकालिएको थिएन । वडाबाट केही बजेट विनियोजन भएपछि भने अहिले रथयात्राले निरन्तरता पाएको प्रतिष्ठानले जनाएको छ।

रथयात्रा प्रसिद्ध महर्षि माण्डव्य ऋषिको योगदानको सम्मानमा निकाल्ने गरिएको वडाध्यक्ष राजेशकुमार अर्याललले बताए । उनी भन्छन्, 'माण्डव्य ऋषिको तपोभूमि, साधनाभूमि र शास्त्रार्थस्थलका रूपमा परिचित यस क्षेत्रको प्रचारप्रसार गर्नुका साथै स्थानीय धार्मिक पर्यटनलाई प्रवद्र्धन गर्नु यसको उद्देश्य रहेको छ ।' यहाँको मन्दिर पुनर्निर्माणका लागि पूर्वमन्त्री तथा स्थानीय सोमप्रसाद पाण्डेले सङ्घीय सरकारमार्फत बजेट विनियोजन गरेका थिए।

यो क्षेत्र प्राचीनकालदेखि नै माण्डव्य ऋषिको तपस्यास्थलका रूपमा चिनिँदै आएको छ । पद्म पुराणमा उल्लेख भएअनुरूप माडीफाँट आसपासदेखि सत्यवतीसम्म माण्डव्य ऋषिको प्रसङ्ग जोडिने गर्दछ । माण्डव्य ऋषिले साधनाको क्षेत्रमा मात्र नभई आयुर्वेदिक चिकित्सा क्षेत्रमा समेत उत्तिकै दख्खल राखेको पाइन्छ । माण्डव्य ऋषिको नेपाल सरकारले केही समय अगाडि हुलाक टिकट प्रकाशनमा ल्याएको थियो । यसको महत्व र महिमा धेरै भए पनि प्रचारप्रसारको कमीले गर्दा ओझेलमा परेको छ । रासस

# बम विस्फोट घटनाका अभियुक्त यादव कारागार चलान

**सिरहा ।**
सिरहा जिल्ला अदालत बार एसोसिएसनको भवनमा भएको प्रेसर कुकर बम विस्फोट घटनाका अभियुक्तलाई अदालतले पुर्पक्षका लागि कारागार पठाउने आदेश दिएको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सिरहा नगरपालिका–१ स्थित बार एसोसिएसनको भुइँ तलामा रहेको 'कामधेनु ल फर्म' भित्र भएको विस्फोटमा संलग्न रहेको आरोपमा पक्राउ परेका २९ वर्षीय गुमस्ताकुमार यादवलाई कारागार चलान गरिएको हो ।

सुखिपुर नगरपालिका–३ लक्ष्मिनिया टोल बस्ने यादव सोही ल फर्ममा कार्यरत कर्मचारी हुन् । २०८२ चैत २७ गते भएको विस्फोटको घटनापश्चात् प्रहरीले सूक्ष्म अनुसन्धान अघि बढाएको थियो । अनुसन्धान पूरा गरी जिल्ला अदालत सिरहामा पेस गरिएका यादवलाई अदालतको आदेशानुसार बिहीबार पुर्पक्षका लागि कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए ।

# नदीले धार परिवर्तन गर्दा सरेको ११५ रोपनी जग्गा मिलाइँदै

**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाले मनोहरा नदीले धार परिवर्तन गर्दा सरेको १ सय १५ रोपनी जग्गा मिलाउन, प्राविधिक र प्रशासनिक परामर्श सुरु गरेको छ ।

नदी किनाराका अव्यवस्थित बस्ती हटाइसकेपछि जग्गा संरक्षणको कार्य अघि बढाएको कामपाको कार्यवाहक प्रमुख सुनिता डङ्गोलले जानकारी दिइन् । कामपाले सञ्चालन गरिरहेको मनोहरा जग्गा एकीकरण आयोजनाको स्वीकृत विस्तृत परियोजना प्रतिवेदनअनुसार नदीले परिवर्तन गरेको धार फर्काउनका लागि प्राविधिक तथा प्रशासनिक परामर्श थालिएको कार्यवाहक प्रमुख डङ्गोलको भनाइ छ ।

स्वीकृत डिपिआरअनुसार नदी २०२१ सालको नापी नक्साबमोजिम हुनुपर्नेमा नदीले बहावले स्थान परिवर्तन गरेर पश्चिमतर्फ सरेको छ । यसले गर्दा काठमाडौँतर्फको करिब १ सय रोपनी जमिन भक्तपुरतर्फ र भक्तपुरतर्फको करिब १५ रोपनी जग्गा काठमाडौँतर्फ सरेको छ ।

प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईँ र मनोहरा जग्गा एकीकरण आयोजनाका प्रमुख निर्मलराज बरालसँग नदी क्षेत्रको नक्सा अध्ययन गर्दै कार्यवाहक प्रमुख डङ्गोलले, कानूनी तथा प्रशासनिक प्रक्रिया तत्काल पूरा गरेर डिपिआरबमोजिमको बहाव क्षेत्र कायम गराउने काम कामपाको प्राथमिकतामा रहेको जानकारी दिइन् ।

'नदी किनारामा अव्यवस्थित बस्ती भएका कारण यसअघि सञ्चालन गर्न नसकिएका काम तत्काल अगाडि बढाएर आयोजनालाई चाँडो सम्पन्न गराउनुपर्ने बताइएको छ ।

यसका लागि लागत अनुमान तयार पार्ने, जनशक्ति परिचालन योजना बनाउने र योजना तत्काल कार्यान्वयनमा ल्याउनुपर्छ,' कामपाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईँलाई निर्देशन दिँदै उनले भने, 'बस्तीबाट आफूलाई भूमिहीन भनेर विवरण टिपाउनुभएका व्यक्तिहरूको उचित व्यवस्थापन, बस्ती खाली गराइएका ठाउँको निर्माणजन्य सामग्रीको व्यवस्थापन र ती स्थानलाई बारबेर गरेर संरक्षण गर्ने कामलाई उच्च प्राथमिकता दिएर अगाडि बढाउनुहोला ।'

मनोहरा जग्गा एकीकरण आयोजनाका प्रमुख निर्मलराज बरालका अनुसार आयोजना क्षेत्रभित्र पर्ने नदीको करिब १.५ किलोमिटर बहाव क्षेत्रमध्ये ५ सय ७५ मिटर साविक अवस्थामा छ । बाँकी नदी खण्डमा बहाव परिवर्तन भएको छ । भक्तपुरतर्फ जग्गा सरेको ठाउँमा पक्की घरटहरा तथा अस्थायी संरचना थिए । त्यस स्थानबाट मानवीय बसोबास खाली गराएर संरचना भत्काएपछि रिप्लटिङको प्रक्रिया अगाडि बढाइसकेका छौँ ।' रासस


# लाग्यो उँभौली, भेडाबाख्रा धपाउँदै लेक चढे गोठालाहरु

**प्रतीक्षा आले–रासस**
**गोरखा।**
उँभौली पर्व सुरु भएसँगै छ महिनाअघि बेशी झरेका गोठाला भेँडाबाख्रा धपाउँदै लेकतिर उक्लेका छन् । चुमनुब्री गाउँपालिका–३ पाङसिङका गोठालाहरु हजारौं भेँडाबाख्रा धपाउँदै लेकतिर लागेको जगतका लक्ष्मण कार्कीले बताए।

चुमनुब्री–३ पाङसिङ गोरखाकै सबैभन्दा धेरै भेँडापालन गर्ने गाउँ हो । हिउँद लाग्न थालेपछि लेकबाट खोर्ला, सिङ्ला, लाप्राक, बारपाक, दूधपोखरी हुँदै लम्जुङतिर लगिएका र आर्खेत, आरुघाट, मान्बु हुँदै धादिङसम्म पु¥याइएका भेँडाबाख्रालाई अहिले फर्काएर लेकतर्फ लैजान थालिएको उनले बताए।

उन भने, 'दैनिक तीन–चारसय जति भेँडाबाख्रा लेकतिर लागेका छन्, शनिबार मात्रै पनि करिब चारसय भेँडाबाख्रा उकालो लागेका छन् ।'

पाङसिङ, सिर्दिबास, न्याकफेदी,



घट्टेखोला, नाग्चेतलगायत क्षेत्रका करिब ७० घरधुरी किसानले भेँडाबाख्रा पालन गरेका चुमनुब्री–३ का अध्यक्ष रामकुमार गुरुङको भनाइ छ । 'भेँडाबाख्रा बेशीबाट गाउँमा ल्याउन थालेको केही दिन भयो । बिस्तारै पाङसिङबाटमाथि उकाल्न सुरु हुन्छ,' उनले भने, 'अहिले लेक लगेपछि एकैचोटी कात्तिक, मङ्सिरमा तल झार्छ ।'

लेकबाट बेशी झार्ने र बेशीबाट लेक लैजाने गोठालाहरुको मौलिक परम्परा छ।

'लेकको गोठबाट वेशी साइत हेरेर झार्ने गर्छन् । लेकको गोठबाट पनि एकै दिनमा बेशी झार्दैनन् । हावापानीसँग घुलमिल गराउँदै एक महिना लगाएर गाउँसम्म ल्याइ पु¥याउँछन्,' पाङसिङका विकास गुरुङले भने, 'बेशीबाट लेक लैजान पनि धेरै समय लगाउँछन् । अनि गाउँमा झारिसकेपछि यहाँबाट अन्यत्र लैजानचाहिँ विधिपूर्वक पूजाआजा गरी साइत गर्ने चलन छ ।' जेठ दोस्रो सातासम्ममा भेँडाबाख्रा लेकको गोठमा पु¥याइन्छ।

भेँडाबाख्रा पालन गर्ने किसान धेरै भएकाले चुमनुब्री गाउँपालिका–३ मा गोठालालाई प्रोत्साहन कार्यक्रम लागू गरिएको छ। 'गोठालाहरुलाई प्रोत्साहन गर्न बाटो मर्मत, खानेपानीको व्यवस्था, त्रिपाल, सोलार बत्ती, गमबुट, स्लिपिङ ब्याग वितरण गर्ने गरेका छौँ,' वडाअध्यक्ष गुरुङ भने, 'गाउँपालिकाको ८० प्रतिशत र गोठाला स्वयम्को २० प्रतिशत लागत साझेदारीमा यस्तो कार्यक्रम बर्सेनि गर्ने गर्छौं।'

पालिकाले भेँडाबाख्रा पालन गर्ने किसानलाई प्रोत्साहन दिन कार्यक्रम गरिरहे पनि बर्सेनि भेडाबाख्रा पालन गर्ने किसानको संख्या भने घट्दो रहेको उनको भनाइ छ।

गोठालाहरुलाई प्रोत्साहन स्वरुप चुमनुब्री गाउँपालिकाले यस वर्ष घुम्ती गोठ सामग्री वितरण कार्यक्रम सञ्चालन गरेको पालिकाको प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेले बताए। कार्यक्रममा नौ वटा पशु फार्मका करिब १ सय ५० जना आबद्ध रहेको उनले जानकारी दिए। रासस

# 'लुम्बिनीको माटो, समृद्धिको बाटो' अभियान घोषणा

**रूपन्देही ।**
लुम्बिनी विश्व शान्ति मञ्चले २५७०औँ बुद्ध जयन्तीका अवसरमा 'लुम्बिनीको माटो, समृद्धिको बाटो' अभियान घोषणा गरेको छ । अभियानअन्तर्गत भैरहवा–लुम्बिनी क्षेत्रमा दुई हजार ५ सय ७० वटा बिरुवा रोप्ने कार्यक्रम रहेको मञ्चका संस्थापक तथा अध्यक्ष वासु गौतमले बताए । अभियानको घोषणा सिद्धार्थनगर नगरपालिका–५ स्थित श्री भैरहवा नमूना माध्यमिक विद्यालयबाट गरिएको छ । शुक्रबार विद्यालय परिसरमा १ सय ८ वटा विभिन्न फलफूलका बिरुवा रोपिएको गौतमले जानकारी दिए । बाँकी बिरुवा अबको दुई महिनामा रोप्ने कार्यक्रम रहेको उनको भनाइ छ ।

भैरहवाको पुरानो विद्यालय भैरहवा नमूना माविमा लुम्बिनी विश्व शान्ति मञ्चको आयोजना तथा विभिन्न सङ्घसंस्था र बैङ्क तथा वित्तीय संस्थाको सहयोगमा कार्यक्रम गरिएको उनले बताए । सोही अवसरमा विद्यालय परिसरमा रक्तदान कार्यक्रम समेत आयोजना गरिएको थियो ।

त्यस्तै, शुक्रबार नै लुम्बिनी सांस्कृतिक नगरपालिका–१ स्थित बुद्ध आदर्श माध्यमिक विद्यालय, खुनगाईमा १०० वटा बिरुवा रोपिएको अध्यक्ष गौतमले जानकारी दिए । 'फलफूलका विरुवा रोप्ने गरेका छौँ, यस्तो कार्यक्रम गर्न पाउँदा निकै खुसी छौंँँ,' उनले भने ।

लुम्बिनी विश्व शान्ति मञ्चले मुलुकका विभिन्न स्थानमा गरी १० लाख वटा बिरुवा रोप्ने र हुर्काउने अभियानमा रहेको बताए । हालसम्म एक लाख ९५ हजार ७ सय बिरुवा रोपिसकिएको उनले जानकारी दिए ।

'लुम्बिनीको माटो, समृद्धिको बाटो' अभियान घोषणा कार्यक्रममा सिद्धार्थनगर नगरपालिका–५ का वडाअध्यक्ष पुरनप्रसाद श्रेष्ठले लुम्बिनी विश्व शान्ति मञ्चले विद्यालय प्राङ्गणमा वृक्षरोपण तथा रक्तदान जस्तो पुनित कार्य गरेको बताए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अमितकुमार गुप्ताले शान्त वातावरणमा सभ्य रूपमा कार्यक्रम भएको बताए ।

गोलिगढ टोल सुधार समिति सिद्धार्थनगर–९ का निवर्तमान अध्यक्ष युवराज पाण्डेले लुम्बिनी विश्व शान्ति मञ्चले वातावरणको क्षेत्रमा महत्त्वपूर्ण कार्य गर्दै आएको बताए । 'यहाँहरूले टोल सुधार समितिले गरेको कामको उच्च मूल्याङ्कन गरेको छ । यसले हामीलाई काम गर्ने थप ऊर्जा प्राप्त भएको छ,' उनले भने ।

रिसाइल टू रिभाइभका कोषाध्यक्ष रमेश खड्काले लुम्बिनी विश्व शान्ति मञ्चसँगको सहकार्यमा सामाजिक कार्य गर्न पाउँदा खुसी लागेको बताए । आफ्ना बुबा स्व चन्द्रबहादुर खड्काको सम्झनामा भैरहवा नमूना माविमा रु ५१ हजार १११ को अक्षयकोष स्थापना गरेको उनले बताए । विराटनगर निवासी रमेश खड्का हाल अष्टे«लियामा बस्दै आएका छन् ।

कार्यक्रममा गोलिगढ टोल सुधार समितिलाई टोलको सरसफाइमा सहजता प्रदान होस् भन्ने उद्देश्यले लुम्बिनी विश्व शान्ति मञ्चले सरसफाइ सामग्री हस्तान्तरण गरेको थियो । त्यस्तै टू द लुम्बिनी (साईकलमा लुम्बिनी जाने टोलीलाई) स्वागतसमेत गरिएको थियो । रासस

# लागुऔषधसहित ३४ जना पक्राउ

**काठमाडौँ।**
प्रहरीले देशका विभिन्न स्थानबाट लागुऔषध कारोबारमा संलग्न ३४ जनालाई पक्राउ गरेको हो। प्रहरीले झापा, सुनसरी, कैलाली, चितवन, कास्की, काठमाडौँलगायत जिल्लाबाट लागुऔषधसहित ३४ जना पक्राउ गरेको हो।

काठमाडौँको दक्षिणकाली नगरपालिका–५, बुढानिलकण्ठ नगरपालिका–६ र चन्द्रागिरी नगरपालिका–२ नागढुङ्गाबाट एक–एक जना पक्राउ परेका छन्।

झापाको मेचीनगर नगरपालिका–६ बाट दुई, धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिका–६ बाट दुई जना पक्राउ परेका नेपाल प्रहरी प्रधान कार्यालयको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ।

त्यस्तै, कैलालीको भजनी नगरपालिका–३ र धनगढी उपमहानगरपालिका–६ बाट एक–एक, इलामको सूर्योदय नगरपालिका–७ हर्कटेबाट दुई, सुनसरीको दुहवी नगरपालिका–१०, बराहक्षेत्र नगरपालिका–२ पुनर्वास र धरान उपमहानगरपालिका–१७ बाट एक–एक जना पक्राउ परेका प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार चितवनको भरतपुर महानगरपालिका–११ भोजाडबाट तीन, भरतपुर महानगरपालिका–१ आँपटारीबाट एक, राप्ती नगरपालिका–११ डुम्रेखाडी जङ्गलबाट एक जना पक्राउ परेका छन् । कास्कीको पोखरा महानगरपालिका–१८ लामागाउँबाट दुई जनालाई नियन्त्रणमा लिइएको नेपाल प्रहरी प्रधान कार्यालयको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ।

कञ्चनपुरको बेदकोट नगरपालिका–३ सामादैजीबाट एक, बेलौरी नगरपालिका–१० सडकघाटबाट चार जना पक्राउ परेका इलाका प्रहरी कार्यालय बेलडाँडीले जनाएको छ । जाजरकोटको शिवालय गाउँपालिका– छेडाचौरबाट अवैध लागुऔषधसहित चार जनालाई प्रहरीले पक्राउ गरेको छ।

पर्साको पोखरिया नगरपालिका–४ बाट एक जना पक्राउ परेका इलाका प्रहरी कार्यालय पोखरियाले जनाएको छ । दाङको तुलसीपुर उपमहानगरपालिका–५ बसपार्कबाट दुई, मोरङको सुन्दरहरैँचा नगरपालिका–९ बाट एक जना पक्राउ परेका नेपाल प्रहरी प्रधान कार्यालयको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# दश अर्ब ७० करोड बढीको अलैँची निर्यात

**झापा।**
मेची भन्सार कार्यालयबाट चालु आर्थिक वर्ष २०८२–८३ को चैत मसान्तसम्ममा अलैँची निर्यात ४१.५८ प्रतिशतले बढेको छ । कार्यालयको तथ्याङ्कअनुसार यो अवधिमा १० अर्ब ७० करोड सात लाख १८ हजार रुपैयाँ बराबरको अलैँची निर्यात भएको हो।

चालु आवको नौ महिनामा पाँच हजार २९५.२५० मेट्रिक टन अलैँची निर्यात भएको मेची भन्सार कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईँले जानकारी दिए। अघिल्लो आव २०८१–८२ को सोही अवधिमा छ अर्ब २५ करोड १२ लाख ६१ हजार रुपैयाँ बराबरको अलैँची निर्यात भएको उनले बताए।

कार्यालयको तथ्याङ्कअनुसार चालु आवको नौ महिनामा चियाको निर्यात २६.७३ प्रतिशतले घटेको छ । यो अवधिमा दुई अर्ब ५८ करोड १९ लाख ८५ हजार रुपैयाँ मूल्यबराबरको चिया निर्यात भएको छ । अघिल्लो आव २०८१–८२ को सोही अवधिमा तीन अर्ब २७ करोड २० लाख ७२ हजारबराबरको चिया निर्यात भएको सूचना अधिकारी हुमागाईँले जानकारी दिए।

कार्यालयका अनुसार निर्यात हुने मुख्य वस्तुमध्ये भेनियर सिट ३०.८८ प्रतिशत, छुर्पी ३०.३५ प्रतिशत वृद्धि भएको छ भने प्लाइउड ३७.७३ प्रतिशत, अम्रिसो ३७.३३ प्रतिशत, फलामे पाता एक हजार ७४७.८१ प्रतिशत र मोलासिस ३६१.३५ प्रतिशत र सिमेन्ट क्लिङ्करको निर्यात शतप्रतिशतले घटेको छ । मेची भन्साबाट चालु आव २०८२–८३ को चैत मसान्तसम्ममा १९ अर्ब ४३ करोड ३५ लाख ३२ हजार रुपैयाँबराबरको मालवस्तु निर्यात भएको छ। रासस

# पहिरोले डोजर पुर्दा चालकको मृत्यु

**म्याग्दी ।**
रघुगङ्गा गाउँपालिका–१ बेगमा आज पहिरोले डोजर पुर्दा चालकको मृत्यु भएको छ । बेगको भिजरादेखि भजने जाने सडक निर्माणका क्रममा पहिरो खसेर रुइसे देउराली कन्ट्रक्सन प्रालिको डोजर पुरिँदा रघुगङ्गा गाउँपालिका–२ भगवतीका ५१ वर्षीय पदम कार्कीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।



घटनास्थलमा रहेका प्रहरी निरीक्षक सागर तिमिल्सिनाले अन्य डोजर र ब्याकुहोलोडर परिचालन गरेर पहिरोमा पुरिएका कार्कीको शव निकालेर परीक्षणका लागि प्रदेश अस्पताल बेनीमा पठाएको जानकारी दिए । उनका अनुसार कार्की उक्त डोजरका चालक हुन् । सडकको मार्ग खनिरहेको अवस्थामा मिथिबाट सुक्खा पहिरो खसेर डोजर र चालकलाई पुरेको थियो । प्रहरी र स्थानीयवासीले करिब चार घण्टाको प्रयासपछि पहिरोबाट कार्कीको शव निकालेका थिए । रासस

# १३७ केजी गाँजासहित दुई जना पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जिल्ला प्रहरी कार्यालय धनुषाले ठूलो परिमाणमा लागूऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ । विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले मुसहर्निया गाउँपालिका–६ लक्ष्मिनियाँ क्षेत्रमा उनीहरूलाई नियन्त्रणमा लिएको हो।
प्रहरी नायब उपरीक्षक (डीएसपी) गणेशबहादुर बमको नेतृत्वमा खटिएको टोलीले शंकास्पद गतिविधि नियन्त्रणमा लिँदै शुक्रबार बिहान उक्त बरामदगी गरेको जनाएको छ।
प्रहरीका अनुसार पक्राउ परेकाहरूको साथबाट ५ बोरामा करिब १३७ केजी गाँजा फेला परेको छ । साथै घटनास्थलबाट बीआर ३२ डी ५८८२ नम्बरको मोटरसाइकल र दुई थान मोबाइल फोन पनि नियन्त्रणमा लिइएको छ।
पक्राउ पर्नेमा सोही क्षेत्रका २६ वर्षीय गणेश कुमार यादव र २४ वर्षीय जितेन्द्र कुमार यादव रहेका छन्।
प्रहरीले दुवै जनाविरुद्ध लागूऔषध सम्बन्धी कसुरमा थप अनुसन्धान अघि बढाएको जनाएको छ। साथै घटनामा संलग्न अन्य व्यक्तिहरूको खोजी कार्यसमेत जारी रहेको बताइएको छ।

# पोखरी संरक्षणमा सक्रिय अगुवालाई सम्मान

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–२ स्थित ऐतिहासिक छपकैया पोखरी संरक्षण अभियानमा सक्रिय भूमिका निर्वाह गर्ने स्थानीय अभियन्ता जफरुल मिया (जफर) सहितका अगुवालाई महानगरपालिकाले सम्मान गरेको छ । वर्षौंदेखि अतिक्रमणको जोखिममा रहेको करिब चार बिघा क्षेत्रफलमा फैलिएको सार्वजनिक जलाशय संरक्षणका लागि जफरुल मिया र उनको टोलीले निरन्तर कानुनी, सामाजिक तथा जनचेतनामूलक अभियान सञ्चालन गर्दै आएका थिए।
अभियानमा देखाएको योगदानको कदर गर्दै महानगरपालिकाले आयोजित कार्यक्रममा जफरुल मियासहित करिब ४० जना स्थानीयलाई सम्मान गरिएको हो।
कार्यक्रममा महानगर प्रमुख राजेशमान सिंहले सम्मानपत्र प्रदान गर्दै सार्वजनिक सम्पत्ति संरक्षणमा उनीहरूले देखाएको सक्रियता समाजका लागि प्रेरणादायी रहेको उल्लेख गरे।
सम्मान ग्रहण गर्दै अभियन्ता जफरुल मियाले दीर्घकालीन संघर्षमा महानगरबाट प्राप्त सहयोगप्रति धन्यवाद दिँदै सार्वजनिक सम्पत्तिको संरक्षणमा नागरिक सचेत र जिम्मेवार हुनुपर्ने आवश्यकता औँल्याए । २०८२ चैत १७ गते पर्सा जिल्ला अदालतले गरेको फैसलाबाट छपकैया पोखरी अतिक्रमणमुक्त भएको छ।

# बाबु हत्यापछि फरार छोरा १८ वर्षपछि पक्राउ

**मधेशदृष्टि**
**रौतहट।**
हातखुट्टा बाँधेर बाबुको हत्या गर्ने छोरालाई घटनाको १८ वर्षपछि प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा रौतहटको गरुडा नगरपालिका–१ का ४९ वर्षीय राम बिलास महतो छन्। उनी ३१ वर्षको हुँदा २० जेठ २०६४ मा ६५ वर्षीय बाबु बिशेश्वर महतोको हत्या गरेको आरोप छ। हातखुट्टा बाँधी धारिलो हतियार प्रहार गरी राम बिलासले बाबु बिशेश्वरको हत्या गरको आरोप छ।
विशेश्वरले गाउँका धेरै मान्छेसँग ऋण लिएको, अड्डा अदालतमा ऋण लिएकै व्यक्तिसँग 'जग्गा खिचलो भएकोले सम्बन्धित साहुलाई ज्यान मुद्दामा फसाउन सकिन्छ' भनेर आफ्नै बाबुको हत्या गरेको पाइएको प्रहरी अनुसन्धानबाट खुलेको छ । उनीमाथि ज्यान मुद्दामा अनुसन्धान अघि बढाइएको रौतहट प्रहरीका प्रवक्ता विष्णु प्रसाद बस्यालले बताए।

# पोखरीमा डुबेर युवकको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही।**
सदरमुकाम मलङ्गवामा शुक्रबार पोखरीमा डुबेको अवस्थामा युवकको शव फेला परेको छ । मलङ्गवा नगरपालिका–४, का ३५ वर्षीय दिवानी भन्ने मोहबुब मिकरानीको शव फेला परेको हो।
स्थानीयले शुक्रबार विहानै पोखरीभित्र शव देखेपपछि प्रहरीमा खबर गरेका थिए । मृतकको आमाले शवको सनाखत गरेको प्रहरीले जनाएको छ । आमाले छोरा मोहबुबको हत्या भएको हुनसक्ने आशङ्का व्यक्त गर्नुभएको छ । घटनास्थलको प्रकृतिमुचुल्का साथै मृतकको शव पोस्टमार्टम प्रादेशिक अस्पताल मलङ्गवामा भएको छ । सर्लाही प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले मृतकको शरीरमा शङ्कास्पद कुनै प्रकारको चोटपटक नदेखिएको जानकारी दिए।

# बैंकिङ कसुरमा फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**पर्सा।**
पर्सा जिल्ला अदालतबाट बैंकिङ कसूर मुद्दामा दोषी ठहर भई फरार रहेका एक व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ।
विशेष सूचनाको आधारमा खटिएको फैसला कार्यान्वयन टोलीले वीरगंज महानगरपालिका वडा नं. ८ मा लुकिछिपी बसिरहेको अवस्थामा उनलाई पक्राउ गरेको हो।
पक्राउ पर्नेमा पर्साको साविक सबैठवा गाविस वडा नं. ९ घर भई हाल वीरगंज महानगरपालिका वडा नं. ५ बस्ने ४७ वर्षीय राजेश कुमार गुप्ता रहेका छन् । पर्सा जिल्ला अदालतले गुप्तालाई बैंकिङ कसुर मुद्दामा १२ दिन कैद र ११ लाख रुपैयाँ जरिवाना हुने फैसला सुनाएको थियो । फैसलापछि फरार रहेका उनलाई नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि पर्सा जिल्ला अदालतमा बुझाइएको पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजु कार्कीले जानकारी दिए।

# आधारभूत विद्यालयमा भर्ना अभियान सम्पन्न




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिका–१६ कपिलेश्वरस्थित आधारभूत विद्यालय कपिलेश्वरमा शैक्षिक सत्र २०८३ का लागि विद्यार्थी भर्ना अभियान सम्पन्न भएको छ। 'सबै बालबालिका विद्यालय जाऔं, उज्यालो भविष्य बनाऔं' र 'आजको भर्ना, भोलिको उज्यालो सपना' भन्ने नारासहित विद्यालयले भर्ना तथा स्वागत कार्यक्रम सञ्चालन गरेको हो।
वडाध्यक्ष रामचन्द्र पजियार र विद्यालयका प्रधानाध्यापक गौरीशंकर लाल कर्णको अगुवाइमा वैशाख १५ देखि १७ गतेसम्म विभिन्न टोलहरूमा पुगेर अभियान सञ्चालन गरिएको थियो। वि.सं. २०२९ मा स्थापना भएको यस विद्यालयमा प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ८ सम्म अध्ययनको व्यवस्था रहेको छ । नयाँ शैक्षिक सत्रलाई लक्षित गर्दै विद्यालय प्रशासनले अभिभावकलाई आफ्ना बालबालिकालाई विद्यालयमा भर्ना गराउन आग्रह गरेको छ।
प्रधानाध्यापक कर्णले सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउने उद्देश्यले अभियान सञ्चालन गरिएको उल्लेख गर्दै सामुदायिक सहयोगको आवश्यकता औँल्याए । उनले गुणस्तरीय शिक्षा, अनुशासन र विद्यार्थीको समग्र विकासलाई प्राथमिकतामा राखिने बताए।
भर्ना अभियानअन्तर्गत नयाँ विद्यार्थीहरूको स्वागतका साथै शैक्षिक सामग्री, विद्यालय वातावरण र पठनपाठनलाई थप प्रभावकारी बनाउने योजना अघि सारिएको विद्यालयले जनाएको छ।

# जनकपुरधाम–१ मा वडा कार्यालयको भवन उद्घाटन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उप–महानगरपालिका वडा नं. १ मा नवनिर्मित वडा कार्यालय भवनको उद्घाटन गरिएको छ । वडा कार्यालयको नगरप्रमुख मनोजकुमार साह र उप–प्रमुख किशोरी साहले वडा कार्यालयको भवनको उद्घाटन संयुक्त रुपमा गरेका हुन्।
वडा कार्यालयको आफ्नै भएपछि सेवा प्रवाह थप सहज हुने नगरप्रमुख साहले बताए । उनले आफ्नै कार्यालय हुँदा उपमहानगरलाई आर्थिक भार कम हुनुका साथै सेवा प्रवाह सहज हुने स्पष्ट गरे । वडा १को वडाध्यक्ष दिपनारायण यादवले ६० लाखको लागतमा ५ तले भवनको निर्माण सम्पन्न भएको जानकारी दिए।
उद्घाटन कार्यक्रममा स्थानीय विभिन्न वडाको वडाध्यक्ष, कर्मचारी तथा सर्वसाधारणको उल्लेखनीय उपस्थिति रहेको थियो।


# प्रशासकीय भवनबाट सेवा आरम्भ

**मधेशदृष्टि**
**रौतहट।**
माधवनारायण नगरपालिकाले स्थापनाको आठ वर्षपछि आफ्नै नवनिर्मित प्रशासकीय भवनबाट सेवा सुरु गरेको छ । नवनिर्मित भवनको उद्घाटन नगर प्रमुख वैजनाथप्रसाद यादवले गरेका हुन्।
उद्घाटन कार्यक्रममा उनले निर्वाचनका बेला जनतासँग गरिएका प्रतिबद्धता पूरा गर्दै सुविधासम्पन्न प्रशासनिक भवन निर्माण गरिएको बताए । नागरिकलाई छिटो, छरितो र झन्झटरहित सेवा उपलब्ध गराउने उद्देश्यले भौतिक पूर्वाधार विस्तार गरिएको उनको भनाइ थियो । नगरपालिकाका वरिष्ठ इन्जिनियर नागेन्द्र राय यादवका अनुसार भवन संघीय सरकारको ५० प्रतिशत र नगरपालिकाको ५० प्रतिशत साझेदारीमा निर्माण गरिएको हो । नवनिर्मित भवनको कुल लागत ११ करोड ८८ लाख ९२ हजार २ सय ९४ रुपैयाँ रहेको छ । नगर प्रमुख यादवले भवन निर्माणका लागि करिब एक करोड रुपैयाँ बराबरको पाँच कट्ठा जग्गा निःशुल्क रूपमा नगरपालिकालाई उपलब्ध गराएको पनि जनाइएको छ।

# मजदुर दिवसमा जनचेतनामूलक कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज।**
१३७औँ अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा नेपाल औषधि तथा बिक्री प्रतिनिधि संघ वीरगंज इकाईले विभिन्न सामाजिक तथा जनचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ । दिवसको अवसरमा शुक्रबार बिहान वीरगंजमा मोटरसाइकल ¥याली आयोजना गरिएको थियो । ¥याली सम्पन्न भएपछि संघको टोली 'आमाको माया छात्रावास' पुगेर त्यहाँ आश्रित बालबालिकालाई शैक्षिक तथा खेलकुद सामग्री वितरण गरेको थियो । कार्यक्रम संघका अध्यक्ष सौरव बर्णवालको अध्यक्षतामा सम्पन्न भएको हो । सो अवसरमा संघका केन्द्रीय उपाध्यक्ष गणेश साह, वरिष्ठ उपाध्यक्ष बिकाश कुशवाहा, उपाध्यक्ष अजय पटेल, सचिव बब्लु चौधरीलगायतका पदाधिकारीहरूको सहभागिता थियो।

# लागुऔषध दुर्व्यसन नियन्त्रणमा मधेश प्रहरीको 'महाअभियान'





**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश प्रहरी कार्यालयले प्रदेशभर बढ्दै गएको लागुऔषध दुव्र्यसन नियन्त्रण गर्ने उद्देश्यसहित 'लागुऔषध सेवनकर्ता खोजी एवम् सुधार महाअभियान २०८३' सञ्चालनमा ल्याएको छ । अभियानमार्फत सेवनकर्तालाई पहिचान गरी सुधार र पुनस्र्थापनाको दायरामा ल्याउने लक्ष्य राखिएको प्रहरीले जनाएको छ।
प्रदेश प्रहरी प्रमुख गोविन्द थपलियाले आठै जिल्लाका प्रहरी प्रमुख तथा मातहतका इकाइहरूलाई निर्देशन दिँदै अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह गरेका छन्। उनका अनुसार अभियानको मुख्य ध्यान सेवनकर्ताको पहिचान, निगरानी र सुधार प्रक्रियामा केन्द्रित गरिएको छ।
अभियानअन्तर्गत सीमावर्ती नाकाहरूमा 'ड्रग्स टेस्टिङ चेकपोइन्ट' स्थापना गरिनेछ । ती स्थानहरूमा 'ड्रग टेस्ट किट' प्रयोग गरी आवतजावत गर्ने व्यक्तिहरूमा लागुऔषध सेवन भए–नभएको परीक्षण गरिनेछ । साथै नियमित रूपमा सीमा आवतजावत गर्ने युवायुवतीहरूको विवरण संकलन गरी निगरानी प्रणालीलाई थप सुदृढ बनाइने योजना छ।
प्रहरीका अनुसार लागुऔषध सेवनमा संलग्न भेटिएका व्यक्तिहरूलाई सीमास्थलमै करिब एक घण्टा सचेतनामूलक अडियो–भिजुअल प्रशिक्षण प्रदान गरिनेछ । उनीहरूको अभिलेख तयार पारेर जीपीएस लोकेसनमार्फत गतिविधि अनुगमन गर्ने व्यवस्था पनि मिलाइने जनाइएको छ।
सेवनकर्ताको सुधार र सामाजिक पुनस्र्थापनाका लागि प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय गर्दै खेलकुद, मनोरञ्जन, सीपमूलक तालिम तथा रोजगारीमूलक कार्यक्रम सञ्चालन गरिनेछन्।
यस्तै, लागुऔषध ओसारपसार र कारोबारमा संलग्न औषधि पसल तथा अन्य सञ्जाललाई कडाइका साथ निगरानीमा राखी पहिचान गरिने र कानुनअनुसार कारबाही अघि बढाइने प्रहरीले जनाएको छ।
प्रहरीले अभियान सफल बनाउन प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय तथा विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य गर्दै अघि बढिरहेको जानकारी दिएको छ।

# शिक्षामा सुधारबिनै लैंगिक समानता असम्भवः वक्ताहरू




**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
शिक्षा क्षेत्र सुद्दढ नभएसम्म महिला–पुरुषबीचको विभेद अन्त्य गर्न नसकिने निष्कर्षसहित जनकपुरधाममा आयोजित एक छलफल कार्यक्रममा वक्ताहरूले जोड दिएका छन् । मानव अधिकारका लागि महिला, एकल महिला समूहद्वारा आयोजित 'पितृसत्तात्मक समाजमा महिलाको अवस्था' विषयक कार्यक्रममा सहभागीहरूले शिक्षाको गुणस्तर र पहुँच सुधारलाई लैंगिक समानताको आधार मान्नुपर्ने बताए ।
कार्यक्रममा प्रदेशसभा सदस्य रुपा यादवले राजनीतिक परिवर्तन मात्र पर्याप्त नहुने भन्दै शिक्षा सुधारविना समाजमा अपेक्षित रूपान्तरण सम्भव नहुने धारणा राखिन् । उनले विशेषगरी एकल महिलाहरूलाई आफ्नो अधिकारका लागि अझ सशक्त रूपमा संघर्ष गर्न आवश्यक रहेको उल्लेख गरिन् ।
त्यसैगरी, जनकपुरधाम उपमहानगरपालिकाकी उपप्रमुख किशोरी साहले पछिल्लो समय दाम्पत्य सम्बन्धमा देखिएको असमझदारी र विवादले पनि सामाजिक लक्ष्यमा असर पारिरहेको बताइन् । परिवारभित्र श्रीमान–श्रीमतीबीच आपसी समझदारी र सम्मान कायम भए यस्ता समस्याहरू न्यूनीकरण हुन सक्ने उनको भनाइ थियो ।
कार्यक्रममा वक्ताहरूले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय द्वारा २०७० सालमा स्थापना गरिएको 'एकल महिला सुरक्षा कोष'को प्रभावकारितामाथि पनि प्रश्न उठाए । कोष स्थापना भए पनि एकल महिलाको जीवनस्तरमा अपेक्षित सुधार नआएको भन्दै सहभागीहरूले चिन्ता व्यक्त गरे ।
मानव अधिकारका लागि महिला, एकल महिला समूह धनुषाकी अध्यक्ष सुभद्रा आलेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समिति धनुषाका सभापति राजनन्दन मण्डल, उपसभापति संगिता ठाकुर तथा राम मन्दिरका महन्थ राम गिरी लगायतका वक्ताहरूले आफ्ना धारणा राखेका थिए ।

# मजदुर दिवसमा श्रमिकलाई सम्मान



**मधेशद्दष्टि**
**महोत्तरी ।**
१३७औँ अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा महोत्तरी गाउँपालिकाले श्रमिकहरूको सम्मानमा विशेष कार्यक्रम आयोजना गरेको छ । कार्यक्रममा विभिन्न क्षेत्रमा कार्यरत श्रमिकहरूलाई सम्मान गर्दै उनीहरूको योगदानको कदर गरिएको हो ।
कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिकाका अध्यक्ष दिलिप कुमार पाण्डेयले श्रमिक वर्गलाई देशको अर्थतन्त्रको मेरुदण्डको रूपमा व्याख्या गर्दै उनीहरूको हक, अधिकार र सम्मान सुनिश्चित गर्न गाउँपालिका प्रतिबद्ध रहेको बताए ।
उनले श्रमिकहरूको जीवनस्तर उकास्न विभिन्न योजनाहरू अघि बढाइएको जानकारी पनि दिए ।
स्थानीय तहबाट श्रमिकप्रति सम्मान र उनीहरूको समस्याप्रति संवेदनशीलता देखाउँदै कार्यक्रम आयोजना गरिएको कदमलाई सहभागीहरूले सकारात्मक र उदाहरणीय पहलका रूपमा लिएका छन् ।
कार्यक्रममा सहभागी श्रमिकहरूले गाउँपालिकाको यस प्रयासप्रति खुसी व्यक्त गर्दै यस्ता कार्यक्रम आगामी दिनमा पनि निरन्तर सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याएका छन् ।
जनप्रतिनिधि, कर्मचारी, स्थानीयवासी तथा श्रमिकहरूको उल्लेखनीय सहभागिता रहेको उक्त कार्यक्रमले श्रमिकहरूको मनोबल अभिवृद्धि गर्नुका साथै समाजमा उनीहरूको भूमिकालाई थप उजागर गरेको सहभागीहरूको भनाइ छ ।

## सम्पादकीय

# न्यायको जितः
# सिरहाका दुई महत्त्वपूर्ण फैसलाले दिएको सन्देश

सिरहा जिल्ला अदालतले हालै सुनाएका दुई महत्त्वपूर्ण फैसलाले न्याय प्रणालीप्रतिको जनविश्वास बढाएको छ। १३ महिनाअघि भएको रिंकुकुमार सदायको बलात्कारपछि हत्या प्रकरण र सिरहा अदालत परिसरमा भएको बम विष्फोट प्रकरणमा आएका यी फैसलाहरूले समाजमा सकारात्मक सन्देश प्रवाह गरेका छन् । यी घटनाहरूमा न्यायालयले देखाएको दृढता र निष्पक्षता प्रशंसनीय छ, जसले दण्डहीनताको अन्त्य र कानूनी राज्यको प्रत्याभूतिमा महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

रिंकुकुमार सदायको जघन्य बलात्कारपछि हत्याको घटनाले समाजलाई स्तब्ध बनाएको थियो । एक १७ वर्षीया दलित किशोरीमाथि भएको यो अमानवीय अपराधमा स्थानीय वडा सदस्यसहित १४ जनालाई काराबासको फैसला सुनाइनुले शक्ति र प्रभावका आडमा अपराध लुकाउने प्रयासलाई निस्तेज पारेको छ । यस फैसलाले महिलामाथि हुने हिंसा र बलात्कारका घटनामा संलग्न जोसुकै भए पनि कानूनी कारबाहीबाट उम्कन सक्दैनन् भन्ने स्पष्ट सन्देश दिएको छ । यसले पीडित परिवारलाई न्यायको अनुभूति गराउनुका साथै समाजमा महिला सुरक्षाको प्रत्याभूति दिलाउन मद्दत पुगेको छ।

त्यसैगरी, सिरहा जिल्ला अदालत परिसरमा भएको बम विष्फोटको घटनाले न्यायालयलाई नै चुनौती दिएको थियो। न्यायको मन्दिरमा आतंक मच्चाउने प्रयासलाई अदालतले गम्भीरतापूर्वक लिँदै दोषीहरूलाई कारबाहीको दायरामा ल्याएको छ। यस फैसलाले कानून हातमा लिने र त्रास फैलाउने कुनै पनि समूह वा व्यक्तिलाई छुट नहुने स्पष्ट पारेको छ । न्यायालयको यो कदमले शान्ति सुरक्षा कायम गर्न र आपराधिक गतिविधि नियन्त्रण गर्न राज्य प्रतिबद्ध छ भन्ने देखाएको छ।

यी दुवै घटनामा न्यायालयले कुनै पनि दबाब वा प्रभावमा नपरी सोचविचारपूर्ण र साहसिक कदम चालेको देखिन्छ । राजनीतिक पहुँच वा सामाजिक प्रभावका कारण न्याय प्रभावित हुन सक्छ भन्ने आम धारणालाई यी फैसलाहरूले चिरेका छन् । न्यायालयको निष्पक्षता र स्वतन्त्रताले मात्र नागरिकले न्याय पाउँछन् र कानूनी शासनको पालना हुन्छ भन्ने यथार्थलाई यी फैसलाहरूले पुनः स्थापित गरेका छन्।

अन्ततः, सिरहा जिल्ला अदालतका यी फैसलाहरूले दण्डहीनताको अन्त्य गरी सभ्य र सुरक्षित समाज निर्माणका लागि महत्त्वपूर्ण आधार तयार पारेका छन्।
महिलामाथि हुने अपराध र आतंककारी गतिविधिमा संलग्नहरूलाई कानूनी कठघरामा उभ्याएर न्यायालयले न्यायको सर्वोच्चता स्थापित गरेको छ । यस्ता फैसलाहरूले भविष्यमा अपराध गर्न खोज्नेहरूलाई सचेत गराउनेछन् र सबै नागरिकलाई समान रूपमा न्यायको पहुँच सुनिश्चित गर्नेछन्।

# अभिधम्म पिटकको सान्दर्भिकता



– मदनरत्न मानन्धर

नेपालको वर्तमान लुम्बिनी उद्यानमा ई.पू. ६२३ मा जन्मनुभएका राजकुमार सिद्धार्थले ३५ वर्षको उमेरमा बोधिज्ञान लाभ गरी बुद्ध बन्नुभयो। बुद्धत्व प्राप्तिपछिको चौथो हप्तामा सात दिन सात रात रत्नाघर चैत्यमा अभिधर्मको चिन्तन, मनन र परामर्शन गर्नुभएको कुरा पालि साहित्यमा उल्लेख छ। तर अभिधर्मको देशना–सातौं वर्षावास दौरान त्रायस्त्रिंश देवभूवनमा लगातार तीन महिनासम्म गरिएको थियो । उक्त देशनाको संक्षिप्त देशना–धर्म सेनापति सारिपुत्र महास्थविरलाई दिए। उनबाट आफ्ना ५०० शिष्यलाई न त संक्षिप्त न त विस्तृतमा देशना गर्नुभयो र सोही देशनाको अहिलेसम्म निरन्तरता पाइन्छ।
अभिधम्मभित्र सातवटा प्रकरण (सत्तप्पकरण) छन्। जसमा पकरण = प्रकरण = प्रकार प्रकारले बताइएको भन्ने अर्थ लाग्दछ । यसमा धम्मसङ्गणीप्पकरण (धर्मको विषयवस्तु सङ्ग्रह), विभङ्गप्पकरण(धर्मलाई विभाजन गरी बताइएको), धातुकथाप्पकरण (धर्म र धातुको सम्बन्ध), पुग्गलपञ्ञत्तिप्पकरण (मानिसहरूको प्रकार), कथावत्थुप्पकरण (२१९ वटा गलत धारणालाई सुधार गरिएको), यमकप्पकरण (जोडा मिलेका धर्महरूको व्याख्या) र पट्ठान महाप्पकरण (२४ वटा प्रत्ययधर्म एकआपसमा आधारित रहेको व्याख्या) पर्दछन् । यी ग्रन्थहरूका बारेमा संक्षेपमा तल चर्चा गरिएको छ।
धम्मसङ्गणी दुई शब्द मिलेको छ। धम्म र सङ्गणी, जसमा धम्मको अर्थ स्वभाव र सङ्गणीको अर्थ सङ्ग्रह गरी पूर्ण रूपमा गणना गरी देखाइएको भन्ने लाग्दछ । यो ग्रन्थमा अभिधर्म देशनाको मूल उपदेश सङ्ग्रहित भएकाले यसलाई मूल आधार मानिन्छ किनकि अन्य ग्रन्थ बुझ्नका लागि महत्वपूर्ण ग्रन्थ हुन्। यसमा परमार्थ सत्यलाई विभिन्न खण्डमा विभाजन गरिएको पाइन्छ। जस्तो कि चित्तलाई संश्लेषण विश्लेषण गरिएको छ (चित्त संक्षिप्तमा ८९ वटा र विस्तृतमा १२१ वटा देखाइएको) । रूप भौतिक तत्वलाई स्कन्ध (समूह), धातु (महाभूत), आयतन (क्षेत्र), इन्द्रिय (शक्ति) को रूपमा संश्लेषण विश्लेषण गरिएको र २८ प्रकारका रूप बताइएको छ । कामावचर (कामलोकमा पाइने), रूपावचर (रूप ब्रह्मलोकमा पाइने), अरूपावचर (अरूप ब्रह्मलोकमा पाइने) चित्तअनुसार ३१ वटा लोकको वर्णन पाइन्छ।
सङ्ग्रह गरी देखाइएको भन्नाले कुशल अकुशल आदि सबै स्वभाव धर्महरूलाई सङ्ग्रह गरी देखाइएको भन्ने बुझिन्छ। पूर्ण रूपमा गणना गरी देखाइएको भन्नाले कुशल अकुशल आदि धर्महरूको स्वरूपलाई पूर्ण रूपमा गणना गरी देखाइएको भन्ने बुझिन्छ। यस धम्मसङ्गणी ग्रन्थलाई दुई भागमा विभाजन गरी देखाइएको छ, ती हुन्–तिक मातिका र दुक मातिका । मातिका अर्थात् तालिका। तिक मातिकामा २२ वटा मातिका छन्–कुसल तिक, वेदना तिक, विपाक तिक आदि । दुक मातिकामा १४२ वटा मातिकाहरू छन्–हेतु दुक आदि १०० वटा र विज्जाभागी दुक आदि ४२ वटा।
तिक मातिकामा कुशल त्रिकभित्र कुसला धम्मा, अकुसला धम्मा, अव्याकता धम्मा पर्दछन् । कुसला धम्मा = (कुशल धर्महरू) दोषरहित राम्रो फल दिने लक्षण भएका कुशल धर्महरू पर्दछन् । घृणा गर्न योग्य पाप अकुशलधर्महरूलाई कम्पन गर्नसक्ने, नाश गर्नसक्ने कारणले कुशल भनिएको हो। अर्को, सत्वप्राणीहरूको सन्ततिमा घृणा गर्न योग्य हुने गरी विद्यमान भइरहेको कुस (अकुशल) लाई प्रहाण गर्न सक्ने भएको हुनाले पनि कुशल भनिएको हो। कुस भन्ने ज्ञानले ग्रहण गर्न योग्य भएको हुनाले पनि कुशल भनिएको हो।
त्यस्तै अकुसला धम्मामा मित्रको विपरीत (उल्टो) अमित्र हुने झैं कुशल नभएको, कुशलको विपरीत भइरहेको धर्मलाई अकुशल भनिएको हो। यसमा दोषसहितको नराम्रो फल दिने लक्षण भएको अकुशल धर्महरू पर्दछन्। अकुशल धर्ममा अकुशल चित्त १२ र चैतसिक २७ हुन्छन् । अकुशल चित्तभित्र लोभ चित्त आठ, द्वेष चित्त दुई र मोह चित्त दुई हुन्छन् । अकुशल चैतसिकभित्र सर्वचित्त साधारण सात, पकिण्णक छ र अकुशल १४ हुन्छन् । अव्याकता धम्मा अर्थात अव्याकृत धर्महरू अव्याकृत (कुशल अकुशलको रूपमा भन्न नमिल्ने, विपाक, क्रिया, रूप र निर्वाण) धर्महरू पर्दछन् । कुशल अकुशल भनी नबताइएको हुनाले अव्याकृत भनिएको हो । अव्याकृत धर्ममा विपाक चित्त ३६ वटा वा ५२ वटा, क्रिया चित्त २० वटा, चैतसिक ३८, रूप २८ र निर्वाण पर्दछन्। दुक मातिकामा हेतु दुक आदि १०० वटा र विज्जाभागी दुक आदि ४२ वटा गरी १४२ वटा मातिका छन्। दुक भन्नाले द्विक (दुई समूह), मातिका अर्थात् मातृका (तालिका) पर्दछन्। पहिलो छ, हेतुगोच्छकं (हेतुगुच्छक) अर्थात् हेतु हेतु सबै एकै ठाउँ जम्मा गरिएको छ।
धर्म (स्वभाव) लाई १८ वटा विषयवस्तुमा विभाजन, विश्लेषण गरी देखाइएको हुनाले यस ग्रन्थलाई विभङ्ग नामाकरण गरिएको पाइन्छ। यसमा खन्धविभङ्ग (पाँच स्कन्ध (रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान स्कन्ध), आयतनविभङ्ग (बाह्र वटा (आँखा र रूप, कान र शब्द, नाक र गन्ध, जिब्रो र रस, शरीर र स्पर्श, मन र मानसिक धर्म), धातुविभङ्ग (छ वटा (पथवी, आपो, तेजो, वायो, आकास र विञ्ञाण) र अठार वटा हुन्छन् । त्यस्तै सच्चविभङ्ग (चार सत्य), इन्द्रियविभङ्ग (बाइस वटा (आँखा, नाक, कान आदि), पच्चयाकारविभङ्ग (प्रतीत्य समुत्पाद, बाह्र वटा), सतिपट्ठानविभङ्ग (चार स्मृतिप्रस्थान), सम्मप्पधानविभङ्ग (चार उद्योग), इद्धिपादविभङ्ग (ऋद्धिपाद) (चार प्रबलता) र बोज्झङ्गविभङ्ग (सात बोधिअंग) रहेका छन् । यसैगरी धर्ममा मग्गविभङ्ग (आठ मार्ग), झानविभङ्ग ((रूप ध्यान र अरूप ध्यान दुई), अप्पमञ्ञाविभङ्गमा चार ब्रह्मविहार (मैत्री, करुणा, मुदिता र उपेक्षा), सिक्खापदविभङ्गमा पाँच (पञ्चशील), पटिसम्भिदाविभङ्गमा चार (राम्ररी जान्नुपर्ने), ञाणविभङ्गमा प्रज्ञा (लौकिक प्रज्ञा र लोकोत्तर प्रज्ञा) को बारे उल्लेख छ भने खुद्दकवत्थुविभङ्गमा अठार र बासट्ठि मिथ्यादृष्टि र धम्महदयविभङ्ग — एक । माथिका सत्र वटा विभंगलाई राम्ररी बुझ्यो भने मिथ्यादृष्टि हटी मन निर्मल हुँदै आउँछ, जसबाट निर्वाणसम्म पु¥याइदिन्छ।
'अत्तनो सभाव धारेती'ती धातुअर्थात् आफ्नो स्वभावलाई धारण गरीराख्ने भएकाले धातु भनियो । धातु (स्वभाव)को बारे बताइएको हुनाले यस ग्रन्थलाई धातुकथा भनिन्छ। अहिले धातुलाई तत्व वा खनिज धातु भन्ने अर्थ लाग्दछ, तर छब्बिस सय वर्षअघिको भाषामा स्वभावलाई धातु भनिन्थ्यो। ती पनि विभिन्न थरीका रहेका छन्। पथवी, आपो, तेजो, वायो, आकास र विञ्ञाण गरी छ वटा, चक्खुधातु (आँखा), सोतधातु (कान), घानधातु (नाक), जिव्हाधातु (जिब्रो), कायधातु (शरीर), मनोधातु (मन)– छ वटा, रूपधातु, सद्दधातु (शब्द), गन्धधातु, रसधातु, फोट्ठब्बधातु (स्पर्शव्य वस्तु), धम्मधातु (मनमा उत्पन्न हुने विचार आदि)–छ वटा छन्।
चक्खुविञ्ञाणधातु (आँखाले देख्यो भनी जान्ने वा थाहा पाउने चित्त), सोतविञ्ञाणधातु (कानले सुन्यो भनी जान्ने चित्त), घानविञ्ञाणधातु (नाकले सुँघ्यो भनी जान्ने चित्त), जिव्हाविञ्ञाणधातु (जिब्रोले स्वाद पायो भनी जान्ने चित्त), कायविञ्ञाणधातु (शरीरले स्पर्श भयो भनी जान्ने चित्त), मनोविञ्ञाणधातु (मनले चिन्तन ग¥यो भनी जान्ने चित्त)–छ गरी १८ वटा। धम्मसङ्गणी र विभङ्गमा आएको कुरालाई प्रश्न उत्तरको शैलीमा प्रस्तुत गरिएको पाइन्छ । यसलाई विभंग ग्रन्थको सरलीकृत प्रस्तुति पनि भनिन्छ। यस ग्रन्थमा स्कन्ध, आयतन, सत्य, इन्द्रिय, प्रतीत्यसमुत्पाद, सतिपट्ठान, ऋद्धिपाद आदि बोधिपाक्षिक धर्महरू पनि समावेश भएको छ। कुन कुन स्कन्धमा कुन कुन धातु हुन्छ, कुन कुन हुँदैन ? भनी प्रश्न उत्तर गरी बताइएको छ।
पुग्गलअर्थात् व्यक्ति वा सत्व, पञ्ञत्ति भन्नाले प्रज्ञप्ति, विचार, चिन्तन पर्दछन् । पुग्गल पञ्ञत्तिको विषय सूचीमा छ वटा पञ्ञत्तिहरु खन्धपञ्ञत्ति, आयतनपञ्ञत्ति, धातुपञ्ञत्ति, सच्चपञ्ञत्ति, इन्द्रियपञ्ञत्ति र पुग्गलपञ्ञत्ति देखाइएको छ । मानिसहरूको चरित्र, आनीबानी, मानसिक स्थिति, जीवन शैलीको हिसाबले जम्मा १४७ समूह र ३९० प्रकारका मानिसहरूको चरित्र चित्रण गरिएको छ। यसरी एकदेखि दश प्रकारका मानिसहरूको विवरण यस ग्रन्थमा पाइन्छन्। यहाँ उदाहरणका रूपमा तीन प्रकारका मानिसहरूलाई लिन सकिन्छ। एक–ढुङ्गामा कोरिएको धर्को समानका अर्थात बारम्बार रिसाउने, लामो रीस हुनेहरू ढुङ्गामा कोरिएको धर्को समानका, दुई–भुइँमा कोरिएको धर्को समानका अर्थात् बारम्बार रिसाउँछ तर लामो रीस नहुनेहरू भुइँमा कोरिएको धर्को समानका र तीन–पानीमा कोरिएको धर्को समानका अर्थात कोही कडा, कठोर, सुन्न मन नपराउने कुरा गर्ने हुन्छन् तर उसले ती सबै सान्दर्भिक र स्वीकार्य बनाउँछ, ती पानीमा कोरिएको धर्को समानका हुन्। अर्को उदाहरणका रूपमा हेर्ने हो भने मानिस चार प्रकारका हुन्छन् । अँध्यारोबाट अँध्यारोतर्फ जाने, अँध्यारोबाट उज्यालोतर्फ जाने, उज्यालोबाट अँध्यारोतर्फ जाने र उज्यालोबाट उज्यालोतर्फ जाने।
कथा भन्नाले भन्नुपर्ने कुरा वा वादहरू, र वत्थु भन्नाले वस्तु, रहने उत्पन्न हुने ठाउँ । बुद्धधर्मसम्बन्धी उत्पन्न भएका र हुनसक्ने सबै प्रकारका तर्क वा विवादहरूलाई प्रमाणसहित विश्लेषण गरिराखेको ग्रन्थ । त्यतिबेलाका विपक्षी (सत्र वटा मत) हरूको गलत सिद्धान्तलाई खण्डन गर्न रचिएको । यसका रचनाकार भिक्षु मोग्गलिपुत्त तिस्स जो सम्राट अशोककालीन थिए । उनले ती खण्डन सबै बुद्धवचनमा आधारित भएर गरिएको थियो । तसर्थ तेस्रो संगायनामा त्रिपिटकअन्तर्गत राखिएको छ।
संगायना गर्नुको कारण त्यतिबेला भिक्षुहरूलाई धेरै सुविधा दिइएको थियो। ती सुविधा उपभोग गर्न र ऐस आरामको जीवन जिउन जो पायो त्यो भिक्षु बनेका थिए, विनयअनुकूल भिक्षु बनेका थिएनन्। तसर्थ, भिक्षुसङ्घमा अनेक प्रकारका विकृतिहरू मौलाए। सही र शुद्ध भिक्षुहरूलाई जीउन धौधौ बनाइयो । यो कुरा थाहा पाएका सम्राट अशोकले भिक्षुसङ्घमा शुद्धीकरणको प्रयास गरे, जसको फलस्वरूप ६० हजार मिथ्यावादी भिक्षुहरू निकालिए।
अभिधर्मअन्तर्गत चित्तकाण्डको विवरण अनुसार पृथकजन् मानिस वा कुनै पनि प्राणीको मृत्युपश्चात् उसको तत्काल पुनर्जन्म हुन्छ । किनकी मृत्युको क्षण उत्पन्न हुने च्युति चित्तले तुरुन्तै प्रतिसन्धि चित्त उत्पन्न भई आ–आफ्नो कर्म अनुसारको गतिमा उत्पन्न हुन्छन्। तसर्थ, अन्तराभवको कुनै गुन्जायस छैन भनी यस ग्रन्थले खण्डन गर्दछ । यसरी २१९ वटा विवादको खण्डन यस ग्रन्थमा पाइन्छ भने त्यसका लागि २२६ वटा कथा (व्याख्या) हरूको वर्णन गरिएको छ। सबै कुराहरू प्रश्न उत्तरको तरिकाले प्रस्तुत भएका छन्। यसमा धम्म गम्भीर, अत्थ गम्भीर, देसना गम्भीर र पटिवेध गम्भीर गरी चार प्रकारले गम्भीर धर्मले पूर्ण भएको पाइन्छ।
यमक भन्नाले जोडा–जोडा मिलाइ बताइएको भन्ने अर्थ लाग्दछ। यसमा कुसल, अकुसल, अव्याकत आदि धर्महरूको सूक्ष्म प्रश्नहरूलाई सरल ढङ्गमा उत्तर दिई बुझाइएको छ। संसार सागरबाट उत्तीर्ण हुनलाई नभई नहुने विभिन्न समस्याहरूलाई प्रश्न उत्तरको माध्यमबाट समाधान गरी देखाइएको पाइन्छ । चित्त स्वभावले अत्यन्त निर्मल तर आगन्तुक आरम्मणले गर्दा रङ्गीवीरङ्गी गरिनेलाई राम्ररी स्पष्टसँग देखाइएको छ।
बिना हेतु वा कारणले केही पनि हुँदैन, सम्बन्धित कारणले गरेर मात्र फल उत्पन्न हुन्छ भनि देखाइएको गम्भिर ग्रन्थ हो पट्ठान (सातौँ र अन्तिम ग्रन्थ) । बुद्धत्व प्राप्ति पश्चात चौथो सप्ताह रत्नाघर चैत्यमा सात दिन सात रातसम्म अभिधर्मको सातै वटा प्रकरणहरू प्रत्यवेक्षण गर्नुभयो र पट्ठानको प्रत्यवेक्षण पश्चात वहाँको शरीरबाट छ वर्ण रश्मी प्रकट भयो। हेतुपच्चयो, आरम्मणपच्चयो, अधिपतिपच्चयो आदि चौबीस पट्ठानको विस्तृत व्याख्या। हेतु प्रत्यय भनेको हेतुले हेतु सम्प्रयुक्त धर्महरूलाई र उक्त उत्पन्न रूपहरूलाई हेतु प्रत्ययले मद्दत गरिने हो । अलोभ, अदोस, अमोह गरी कुसल हेतु तीन प्रकारका हुन्छन् भने लोभ, दोस, मोह गरी अकुसल हेतु पनि तीन प्रकारकै हुन्छन्।

नेपालमा अभिधर्म पिटकको अवस्था

नेपालमा अभिधर्म पिटकका थुप्रै अनुवाद भइसकेका ग्रन्थहरू छन् । त्यसमा धम्मसङ्गणी, धातुकथा, पुग्गलपञ्ञत्ति, यमक र पट्ठान (दुई भाषामा) छन् भने अब अनुवाद हुन बाँकी दुई विभङ्ग र पाँच कथावत्थु मात्र छन्। मूल अभिधर्मको अध्ययन अगाडि अभिधम्मत्थसंगह अध्ययन गरिने विश्वव्यापी चलन रहेको छ।
अभिधम्म+अत्थ+संग हो = अभिधर्म+अर्थ+सङ्ग्रह (अभिधर्मार्थ सङ्ग्रह) भित्र नौ वटा कण्ड (काण्ड) छन्। चित्तकण्ड (८९ र १२१ चित्त विवरण), चेतसिक (चैतसिक) कण्ड (५२ चैतसिक विवरण), पकिण्णक (प्रकीर्णक) कण्ड (वेदना आदि सङ्ग्रह विवरण), वीथिकण्ड (चित्तको मार्ग, तरिका विवरण), वीथिमुत्त (विथिमुक्त) कण्ड (भूमि आदि विवरण), रूपकण्ड (२८ रूपको विवरण), समुच्चयकण्ड (अकुसल आदि विवरण), पच्चय (प्रत्यय) कण्ड (प्रतीत्यसमुत्पाद विवरण) र कम्मट्ठान (कर्मस्थान) कण्ड (समथ विपस्सना विवरण) हुन्। यस ग्रन्थका मूल लेखक आचार्य अनुरुद्ध (चौथो, पाँचौं शताब्दिका) हुन्। उनी आचार्य बुद्धघोषका समकालीन मानिन्छन्। यस ग्रन्थ नेपालमा नेपाल भाषा र नेपालीमा पनि प्राप्य छन्। यसको विस्तृत अनुवाद भिक्षु बुद्धघोष महास्थवीर र भिक्षु ज्ञानपूर्णिक महास्थवीरले गरेका छन् भने संक्षिप्त अनुवाद–धम्मवती गुरुमाँबाट भएको छ। यसैगरी अभिधर्मको सातै ग्रन्थहरूको परिचयका साथ अभिधम्म स्मारिका पनि प्रकाशित भएको पाइन्छ। यसरी नेपालमा अभिधर्म ग्रन्थको उपलब्धता रहेको छ र यसबाट अधिकभन्दा अधिक लाभ लिन सक्नुपर्ने देखिन्छ। रासस

# सीमा सुरक्षादेखि 'डिजिटल'
# रूपान्तरणमा सशस्त्र प्रहरी



मुलुकको शान्ति सुरक्षा, सीमा सुरक्षा, विपद् व्यवस्थापन, राजस्व चुहावट नियन्त्रणको मुख्य जिम्मेवारीमा रहेको सशस्त्र प्रहरी बल नेपालले पछिल्ला वर्षहरूमा नीतिगत, संस्थागत र संरचनागत क्षेत्रमा परिणाम देखिनेगरी फड्को मारेको छ । सशस्त्र प्रहरी बलका १२औँ सङ्गठन प्रमुख सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको चारवर्षे कार्यकालमा नीतिगत सुधार, सीमा सुरक्षा व्यवस्थापन, आन्तरिक सुरक्षा, मानव स्रोत विकास र विपद् प्रतिकार्यका क्षेत्रमा असरदार नतिजा हासिल गरेको छ।
सीमा सुक्षाको प्रमुख जिम्मेवारी वहन गर्दै आएको सशस्त्र प्रहरीले सीमा सुरक्षा विभागको पुनस्र्थापना गरी सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि, चोरी निकासी पैठारी र मानव बेचबिखनलगायतका कार्य नियन्त्रणमा अहोरात्र खटिइरहेको छ । यस अवधिमा तीन हजार ७५७ वटा सीमा स्तम्भहरूको निर्माण, मर्मतसम्भार तथा रङरोगन गरिएको छ । सीमा सुरक्षामा नागरिकहरूसँगको सहकार्यलाई आत्मसात् गर्दै 'सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम' सञ्चालन गरिएको प्रवक्ता एवम् सशस्त्र प्रहरी नायब महानिरीक्षक विष्णुप्रसाद भट्टले जानकारी दिए।
नेपाल–भारत सीमाका स्टिप म्याप १८२ थान नक्सा नापी विभागबाट प्राप्त गरी सीमा सुरक्षा विभागमा 'बोर्डर रिसोर्स एन्ड रिसर्च सेन्टर' (बिआरआरसी) स्थापना गरिएको छ । सीमा क्षेत्रमा ११० स्थानमा ३८८ वटा सिसीक्यामेरा जडान गरी निगरानी बढाइएको र ३२ वटा थप बोर्डर आउटपोष्ट (बिओपी)हरू स्थापना गरिएको छ । ४५ वटा प्रस्तावित सीमा सुरक्षा गुल्मलाई स्तरोन्नति गरी स्थायी संरचनामा लगिएको र सीमा सुरक्षार्थ थप ३२ वटा बिओपीको स्थापना गरिएको सशस्त्र प्रहरीले जनाएको छ।
पछिल्ला चार वर्षमा सशस्त्र प्रहरी सङ्गठनको कामकारबाहीलाई व्यवस्थित बनाउन १०९ वटा विभिन्न कार्यविधि, निर्देशिका, मापदण्ड, स्थायी आदेश र कार्ययोजना तयार गरी लागू भएको छ । प्रहरी कर्मचारीको वृत्तिविकासका लागि नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी विभिन्न तहका १७ हजार १६३ कर्मचारीको पदोन्नति गरिएको, सशस्त्र प्रहरी कर्मचारीको सरुवा, बढुवा र पदस्थापनालाई थप पारदर्शी पूर्वानुमानयोग्य बनाउन सूची प्रकाशन गर्ने कार्यको थालनी भएको छ । आर्थिक पारदर्शिता अनुगमनका लागि विशेष युनिटको समेत स्थापना गरिएको छ।
सकल दर्जाको मनोबल अभिवृद्धिका लागि यस अवधिमा उत्कृष्ट कार्यसम्पादन गर्ने ४५ जना सशस्त्र प्रहरी कर्मचारीको विशेष तथा ७७ जना सशस्त्र प्रहरी कर्मचारीको अनिवार्य अवकाश विशेष बढुवा गरिएको सशस्त्र प्रहरीले जनाएको छ।
सशस्त्र प्रहरी महानिरीक्षक अर्याल २०७९ वैशाख १९ गते सङ्गठन प्रमुखमा नियुक्त भएका थिए। उनी चारवर्षे कार्यकाल पूरा गरी शनिबारदेखि अवकाशमा जाँदै छन् ।सरकारले सशस्त्र प्रहरी अतिरिक्त महारनिरीक्षक नारायणदत्त पौडेललाई नियुक्त गर्ने निर्णय गरिसकेको छ।
'एक सिपाही एक सीप नीति'अनुरूप दुई हजार २१९ जनालाई विभिन्न सीपमूलक तालिम दिइएको, विपद् व्यवस्थापनका लागि १३४ जना गोताखोर तयार गरी सबै प्रदेशहरूमा परिचालन गरिएको छ। प्रतिविद्रोह तथा प्रतिआतङ्कवादसम्बन्धी विशिष्टीकृत तालिमहरू आफ्नै सङ्गठनभित्र सञ्चालन गर्न थालिएको छ । मनाङस्थित शिक्षालयमा 'हाइ अल्टिच्युड' तालिम सञ्चालन गरी हिमाली तथा उच्च पहाडी क्षेत्रमा हुने विपद् उद्धारका लागि दक्ष जनशक्ति उत्पादन गरिएको छ।
विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन उद्देश्यका साथ नौ स्थानमा नयाँ विपद् व्यवस्थापन बेसहरू थप गरिएको छ । विपद् राहत कोषको स्थापना गरिएको छ। विपद् उद्धार सामग्रीको थप व्यवस्था र मनसुनलक्षित उद्धार टोली परिचालन गरिएको सशस्त्र प्रहरीले जनाएको छ।
यस अवधिमा कल्याणकारी कार्यतर्फ स्थायी युनिटहरूमा शिशु स्याहार केन्द्र स्थापना, वीरगतिप्राप्त कर्मचारीका परिवार र अवकाशप्राप्त कर्मचारीलाई परिचयपत्र वितरण सुरु गरिएको छ। कर्मचारीका अपाङ्ग सन्ततिलाई राहत भत्ता, आवास कर्जाको दायरामा वृद्धि गरिएको छ। नेपाल एपिएफ अस्पताललाई ११० शय्याबाट ३०० शय्यामा विस्तारका लागि स्वीकृति लिनुका साथै 'एपिएफ नेपाल इन्स्टिच्युट अफ हेल्थ साइन्स'को स्थापना गरिएको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए।
अस्पतालमा डायलाइसिस, प्रसूति सेवा र अनकोलोजी (क्यान्सर) युनिट जस्ता सेवाहरू थप गरिएको छ । अमर सशस्त्र प्रहरीका ५६ स्थानमा शिलालेख स्थापना, कर्मचारीका अपाङ्ग सन्ततिहरूलाई मासिक आर्थिक राहतको व्यवस्था र तल्लो दर्जाका कर्मचारीलाई लक्षित गरी आवास कर्जा र सामाजिक व्यवहार कर्जाहरूको सुरुआत गरिएको छ।
'डिजिटल' बोर्डर अवधारणालाई कार्यान्वयनमा लैजाने योजना पेस गरिएको छ । भारत र चीनस्थित नेपाली राजदूतावासमा सशस्त्र प्रहरीको प्रतिनिधि राख्ने र सीमा व्यवस्थापन प्राधिकरण गठन गर्नेजस्ता महत्त्वपूर्ण योजना पाइप लाइनमा रहेको सशस्त्र प्रहरीले जनाएको छ । देशभरका छ हजार ७४३ वडामा एक लाख ६८ हजार ९५६ जना विपद् सूचकहरूको रोस्टर तयार गरी स्थानीयस्तरमै उद्धार संयन्त्र बलियो बनाउने कार्य भइरहेको छ। रासस

# नेपालका प्रजनन स्वास्थ्य अधिकारका मुद्दा विश्व मञ्चमा




**काठमाडौँ ।**
अष्ट्रेलियाको मेलबर्नमा चार दिनसम्म चलेको विश्वव्यापी सम्मेलन 'विमेन डेलिभर २०२६' सम्पन्न भएको छ ।
अप्रिल २७ देखि ३० सम्म आयोजित उक्त सम्मेलनको अन्तिम दिन नेपाल केन्द्रित विशेषसत्र आयोजना गरिएको थियो, जहाँ नेपालको यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकार (एसआरएचआर)को अवस्था, उपलब्धि र चुनौतीबारे छलफल गरिएको महिला, कानून र विकास मञ्चले जनाएको छ ।
नेपालसम्बन्धी विशेषसत्र मञ्च, ओरेक नेपाल र वन हर्ट वर्ल्ड वाइडको संयुक्त आयोजनामा सम्पन्न भएको थियो । सत्रमा नेपालमा प्रजनन स्वास्थ्य अधिकारको कानूनी व्यवस्था, कार्यान्वयनको अवस्था, सामाजिक चुनौती र सुधारका सम्भावनाबारे बहुआयामिक दृष्टिकोण प्रस्तुत गरिएको मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले जानकारी दिए ।
नेपालको संविधानले प्रजनन स्वास्थ्यलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लागू भएको कार्यक्रममा उनले जानकारी गराए । नेपालको कानूनले प्रजनन स्वास्थ्यलाई सूचना, शिक्षा, परामर्श र स्वास्थ्य सेवाको समग्र अधिकारका रूपमा व्याख्या गरेको छ, जसमा गोपनीयता र छनोटको अधिकार पनि समावेश छ ।
कानूनी प्रगतिका बाबजुद पनि ऐनले सबै विषय समेट्न नसकेको उनले बताए । ऐन मुख्यतः सुरक्षित मातृत्व, परिवार नियोजन, सुरक्षित गर्भपतन र प्रजनन रोगसम्म सीमित रहेको छ, जसले समग्र प्रजनन स्वास्थ्यका जटिल पक्षहरूलाई पूर्ण रूपमा समेट्न सकेको छैन । श्रेष्ठले नेपालको कानूनमा देखिएको विरोधाभासतर्फ पनि ध्यानाकर्षण गराए । 'एकातिर सुरक्षित गर्भपतनलाई अधिकारका रूपमा मान्यता दिइएको छ भने अर्कातर्फ मुलुकी अपराध संहिताले केही अवस्थामा यसलाई अपराधीकरण गरेको छ,' उनले भने ।
यस जटिलताका कारण नेपालमा अझै पनि ५० प्रतिशतभन्दा बढी गर्भपतन असुरक्षित रूपमा हुने गरेको र कतिपय महिलाहरूले कानूनी झन्झट तथा सजायसमेत भोग्नुपरेको तथ्य उनले प्रस्तुत गरे । यस अवस्थालाई सुधार गर्न सुरक्षित गर्भपतन सेवालाई पूर्ण रूपमा अपराधमुक्त गर्नुपर्नेमा उनको जोड थियो ।
कार्यक्रममा सम्मानजनक प्रसूति सेवासम्बन्धी गम्भीर विषय पनि उठाइएको थियो । मञ्चद्वारा हालै सार्वजनिक गरिएको अध्ययन उद्धृत गर्दै श्रेष्ठले नेपालमा गर्भावस्था, सुत्केरी तथा प्रसवोत्तर अवधिमा महिलाहरूले भोग्ने हिंसाका विभिन्न स्वरूपहरू प्रस्तुत गरे । प्रसूति हिंसालाई कानूनमै स्पष्ट रूपमा परिभाषित गरी दोषीलाई उत्तरदायी बनाउने र पीडित महिलालाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने आवश्यकता उनले औँल्याए ।
श्रेष्ठले बाँझोपनको समस्याबाट जुधिरहेका दम्पतीका लागि उपयोगी वैकल्पिक प्रजनन प्रविधिसम्बन्धी स्पष्ट कानूनको अभाव रहेको पनि बताए । यस क्षेत्रमा स्वास्थ्य सेवा प्रदायक, अभिभावक बन्न चाहने व्यक्ति, दाता (डोनर) र जन्मिने बच्चा– यी चारै पक्षको अधिकार र दायित्व सुनिश्चित गर्ने कानूनी संरचना आवश्यक छ ।
ओरेक नेपालकी संस्थापक डा. रेनु अधिकारीले समुदायस्तरमा भएका प्रयासहरूबारे प्रकाश पार्दै विगत ३० वर्षमा यौन तथा प्रजनन स्वास्थ्य अधिकारका क्षेत्रमा उल्लेखनीय प्रगति भएको बताए । पितृसत्तात्मक सोच र सामाजिक लाञ्छना अझै पनि मुख्य बाधकका रूपमा रहेको उनले उल्लेख गरे । यसलाई हटाउन स्थानीयदेखि अन्तरराष्ट्रियस्तरसम्म निरन्तर अभियान आवश्यक रहेको उनको भनाइ थियो ।
वन हर्ट वर्ल्ड वाइडका सूर्य भट्टले सुरक्षित र सम्मानजनक प्रसूति सेवाको आवश्यकता औँल्याउँदै गर्भावस्था, प्रसूति र प्रसवोत्तर अवधिमा महिलालाई गुणस्तरीय र मर्यादित सेवा उपलब्ध गराउनुपर्नेमा जोड दिए । संस्थाले महिला स्वयंसेविकालाई तालिम दिँदै सुरक्षित मातृत्वका कार्यक्रम सञ्चालन गरिरहेको उनले जानकारी दिए । यो विषयलाई महिला अधिकार आन्दोलनको मुख्य एजेन्डाका रूपमा अघि बढाउन आवश्यक छ ।
सत्रमा योसानका दुर्गा सापकोटा, मञ्चकी बिनु लामा, पहिचान नेपालका इच्छा केसी, आइपास नेपालका अमित तिमिल्सिनालगायतले पनि आ–आफ्ना धारणा राखेका थिए कार्यक्रमको सञ्चालन एसिया प्यासिफिक यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकार सञ्जालकी कार्यकारी निर्देशक एलेक्जान्ड्रा जोन्सले गरेका थिए ।
कार्यक्रमले यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको सुनिश्चितताका लागि कानूनी सुधारसँगै प्रभावकारी कार्यान्वयन, सामाजिक सोच परिवर्तन र विश्वव्यापी सहकार्य आवश्यक रहेको निष्कर्ष निकालेको छ । नेपालको अनुभवले देखाएको छ–कानूनमात्र पर्याप्त छैन, त्यसको प्रभावकारी कार्यान्वयन र सामाजिक स्वीकृति नै वास्तविक परिवर्तनको आधार हो । रासस

# चीन–नेपाल सुरक्षा सहकार्यमा जोड



**काठमाडौँ ।**
नेपालका लागि चीनका राजदूत चाङ माओमिङले चीन–नेपाल सुरक्षा सहकार्यमा जोड दिँदै त्यसलाई अझ सुदृढ बनाउन हरसम्भव प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।
महाराजगञ्जस्थित राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा बिहीबार आयोजित प्रहरी नेतृत्व तथा कर्मचारी पाठ्यक्रम (पिएलएससी) प्रथम समूहका सहभागीहरूसँगको छलफलमा चिनियाँ राजदूतले द्विपक्षीय सुरक्षा सहकार्यलाई सुदृढ बनाउन सक्दो प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन् ।
यहाँस्थित चिनियाँ राजदूतावासका अनुसार त्यस अवसरमा उनले नेपाल प्रहरीका भावी नेतृत्वसँग विविध समसामयिक विषयमा विचार आदानप्रदान भएको थियो ।
त्यसैगरी, नेपाल–चीन सम्बन्ध, समकालीन विश्व तथा क्षेत्रीय सुरक्षा चुनौतीलगायतका विषयमा छलफल भएको थियो । साथै सहभागीहरूले दुवै देशबीचको सम्बन्धको वर्तमान अवस्था, आपसी सहकार्य र भविष्यका सम्भावनाबारे धारणा राखेका थिए ।
राजदूत चाङले नेपाल र चीनबीचको द्विपक्षीय सम्बन्ध निरन्तर सुदृढ हुँदै गएको उल्लेख गर्दै कानून कार्यान्वयन तथा सुरक्षा सहकार्य आगामी दिनमा अझ उच्च तहमा पुग्ने विश्वास व्यक्त गरे ।
द्विदेशीय सहकार्यले दुवै देशबीचको आपसी विश्वास अभिवृद्धि गर्नुका साथै क्षेत्रीय स्थायित्वमा समेत महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । रासस

# रोल्पा दुर्घटना मृतक सबैको पहिचान खुल्यो

**दाङ ।**
रोल्पामा बिहीबार जिप दुर्घटनामा परी मृत्यु भएका सबैको सनाखत भएको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवम् प्रहरी निरीक्षक सुनिल थापा नेपालीका अनुसार मृत्यु हुनेमा रुकुम पूर्व सिस्ने गाउँपालिका–५ टाकुराका ३२ वर्षीय गोर्ख बुढाथोकी, ५३ वर्षीया तिलकुमारी बुढाथोकी, २८ वर्षीय युवा बिसी, १० वर्षीय दिव्यन बिसी, २४ वर्षीया सृजना बुढाथोकी, १३ वर्षीय सुदीप बुढाथोकी र ४० वर्षीया ओमकुमारी बुढाथोकी रहेका छन् ।
त्यसैगरी दाङको घोराही उपमहानगर–१६ रतनपुर बस्ने ५४ वर्षीया द्रौपति जिसी, ३२ वर्षीया तिला जिसी, सात वर्षीय जेनिस जिसी, १२ वर्षीया जेनिसा जिसी, सात वर्षीय संयोग जिसी, २५ वर्षीया एलिना जिसी, उमेर नखुलेका लमजुङका यमबहादुर जिसी र घोराही–१३ बस्ने धनमाया बिष्ट रहेका छन् ।
त्यस्तै, दाङ शान्तिनगर गाउँपालिका स्थायी घर भई हाल रुकुम सिस्ने—५ बस्ने जिप चालक ४२ वर्षीय बेदबहादुर विक, सिस्ने—५ की ६० वर्षीया मीना कामी र ६० वर्षीया लक्ष्मी शाह, रुकुम पूर्वकै भूमे गाउँपालिका—५ का टेकप्रसाद बस्नेत र सिस्ने ५ कै २७ वर्षीया रुक्मिणा बस्नेत रहेका छन् । दुर्घटनास्थल अत्यन्तै अप्ठेरो भौगोलिक क्षेत्रमा रहेकाले उद्धार तथा शव निकाल्न केही ढिलाइ भएको प्रहरीले जनाएको छ ।
रुकुम पूर्वबाट रोल्पाको थबाङ गाउँपालिकाको जलजलातर्फ जाँदै गरेको लु१ज ४१६७ नम्बरको जिप बिहीबार दिउँसो ३:०० बजे रोल्पाको थबाङ गाउँपालिका–१ सल्याप भन्ने ठाउँमा भिरबाट ८०० मिटर तल खसेर दुर्घटना भएको थियो ।
जिपमा चालकसहित २१ जना सवार रहेका थिए । तीमध्ये २० जनाको घटनास्थलममा नै मृत्यु भएको थियो । मृतक सबैको शवपरीक्षणका लागि थबाङस्थित आधारभूत अस्पतालमा ल्याइएको छ । छतमा बसेका रुकुम पूर्व सिस्ने गाउँपालिका–५ टाकुराका ३२ वर्षीय समीर कामी मात्रै जीवित रहेका छन् । उनले जिप दुर्घटना हुन लाग्दा छतबाट हामफालेर रूखको जरामा समातिँदै ज्यान जोगाएका हुन् ।
उनको थबाङ आधारभूत अस्पतालमा समान्य उपचारपछि थप उपचारका लागि गएराति पूर्वी रुकुम अस्पतालमा लगिएकामा अहिले उनलाई अस्पतालले घर पठाएको छ ।
उनको बायाँ खुट्टा, निधार र आँखामा चोट लागेको अस्पतालले जनाएको छ । दुर्गम भेग, निरन्तर वर्षा र कमजोर सञ्चार सञ्जाल, कच्ची सड्कलगायत कारण उद्धार कार्यमा कठिनाइ भएको रोल्पा प्रहरीले बताइएको छ । घटना भएको खबरलगत्तै नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, जनप्रतिनिधि र स्थानीयवासीको बिहीबार उद्धारमा जुटेका हुन् ।
उनीहरूले अबेररातिसम्म उद्धार कार्यमा लागे पनि बिहीबार उद्धार कार्य नसकिएपछि आज बिहानैदेखि सुरक्षाकर्मी र स्थानीयवासीको सहभागितामा उद्धार कार्य सम्पन्न गरिएको हो ।
मृतकको शव सडकसम्म ल्याउन निकै कठिनाइ भएको सुरक्षा अधिकारीले जनाएका छन् । प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार कच्ची तथा चिप्लो सडक, लगातारको वर्षा र क्षमताभन्दा बढी यात्रु बोकेका कारण जीप अनियन्त्रित भई दुर्घटना भएको अनुमान गरिएको छ । मृतक सबै वैशाख पूर्णिमाको अवसरमा शुक्रबार जलजलामा लाग्ने बराह पूजामा सहभागी हुन जान लागका तीर्थयात्री हुन् ।

**दुर्घटना छानबिनका लागि समिति गठन**

रोल्पाको थवाङ गाउँपालिका–१ सल्यापस्थित कच्ची सडकखण्डमा बिहीबार दिउँसो भएको जिप दुर्घटनाको छानबिन गर्न गृह मन्त्रालयले उच्चस्तरीय समिति गठन गरेको छ । मन्त्रालयको शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाका अनुसार सचिवस्तरीय निर्णयबाट लुम्बिनी प्रदेश प्रहरी कार्यालय तुलसीपुरका प्रहरी उपरीक्षक यादव ढकालको संयोजकत्वमा चार सदस्यीय छानबिन समिति गठन गरिएको हो । समितिलाई घटनाको सत्यतथ्य अध्ययन गरी तीन दिनभित्र प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ ।
समितिमा जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक, सशस्त्र प्रहरी बल रोल्पाका सशस्त्र प्रहरी नायब उपरीक्षक तथा जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत सदस्य रहेका छन् । गृह मन्त्रालयले दुर्घटनाको कारण, सम्भावित लापरबाही वा कमजोरी पहिचान गर्न तथा भविष्यमा यस्ता दुर्घटना न्यूनीकरणका उपाय सुझाउन स्पष्ट कार्यादेश दिएको छ । समितिले आफ्नो कार्य थालिसकेको जनाएको छ । रासस

# ट्राफिक नियम उल्लङ्घन भएमा लाइसेन्स र ब्लुबुक नखोजिने

**काठमाडौँ ।**
के तपाईंले ट्राफिक नियम उल्लङ्घनमा परेपछि प्रहरीलाई सवारी चालक अनुमतिपत्र र 'ब्लुबुक' बुझाउँदा हैरानी खेप्नुभएको छ ? ट्राफिक व्यवस्थापनका लागि खटिने प्रहरीको पनि त्यसरी कागजपत्र लिनु रहरको विषय नहुन सक्छ । हालसम्मको अभ्यासमा ट्राफिक कारबाहीमा सवारी चालकको कागजपत्र जाँच गर्ने र जरिवाना गराउने कार्य हुँदै आए पनि अब सवारी चालक र ट्राफिक दुवैलाई यो झन्झट नहुने भएको छ ।
सर्वोच्च अदालतले ट्राफिक नियम उल्लङ्घन गरेको आधारमा सवारी चालकको अनुमतिपत्र, ब्लुबुक, चाबीलगायत कागजपत्र नियमन्त्रणमा लिनु कानूनविपरीत भएको ठहर गरेपछि ट्राफिक व्यवस्थापन र कारबाहीमा नयाँ अभ्यास देखिने भएको छ ।
न्यायाधीशद्वय अब्दुल अजीज मुसलमान र श्रीकान्त पौडेलको संयुक्त इजलासले २०८२ पुस ६ गते गरेको फैसलाको हालै सार्वजनिक भएको पूर्णपाठमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ विपरीत सवारी चालकको चालक अनुमतिपत्र, ब्लुबुकलगायत कागजपत्र र चाबी नियन्त्रणमा नलिन फैसला गरेको हो ।
नेपाल ल क्याम्पसमा अध्ययनरत कानूनका विद्यार्थी विवेक चौधरीले दायर गरेको रिट निवेदनमाथि यो फैसला भएको हो । निवेदक चौधरी विसं २०८१ साउन ४ गते बबरमहलमा ट्राफिक लाइट उल्लङ्घनमा पर्दा प्रहरीले जरिवाना गरी लाइसेन्स नियन्त्रणमा लिएको र २४ घण्टापछि मात्र फिर्ता दिएको समस्या लिएर अदालत गएका थिए ।
यो विषयमा अदालतले सरोकारवाला सबै निकायसँग छलफल गरी निष्कर्षमा पुग्दा ट्राफिक नियम उल्लङ्घन गरेको आधारमा सवारी चालकको अनुमतिपत्र, ब्लुबुक, चाबीलगायतका कागजपत्र नियमन्त्रणमा लिनु कानूनविपरीत भएको ठहर गरेको हो ।
ट्राफिक प्रहरी कार्यालयले सवारी चालकहरूको सवारी चालक अनुमतिपत्रसमेत नियन्त्रणमा लिने सम्बन्धमा कुनै निर्णय गरेको देखिएन । 'सार्वजनिक अधिकारीको स्वेच्छाचारितालाई अदालतले मान्यता दिन हुँदैन, यसमा आवश्यक नियन्त्रण गर्नु जरुरी हुन्छ,' फैसलामा भनिएको छ, 'जहाँ स्वेच्छाचारिताले प्रश्रय पाउँछ, त्यहाँ कानूनी राज्यको आदेश निमोठिन पुग्छ ।'
अदालतले ट्राफिक प्रहरीले निवेदक र अन्य व्यक्तिको सवारी चालक अनुमितपत्र, ब्लुबुक, चाबीलगायतका कागजपत्र नियन्त्रणमा लिन कानूनले अनुमति प्रदान नगरेको अवस्थामा नियन्त्रणमा लिने गरेको भन्ने देखिएको हुँदा त्यस्तो स्वेच्छाचारी र कानूनविपरीतको कार्य रोक्न निर्देशनात्मक आदेशसमेत गरेको छ ।
फैसलामा भनिएको छ, 'सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ विपरीत सवारी चालकको अनुमतिपत्र, ब्लुबुकलगायत कागजपत्र र चाबी नियन्त्रणमा लिने कार्य नगर्नु–नगराउनु भनी विपक्षीहरूको नाउँमा निर्देशनात्मक आदेश जारी छ ।' अदालतले गृह मन्त्रालय, नेपाल प्रधान कार्यालय र काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका नाममा उक्त निर्देशनात्मक आदेश गरेको हो ।
सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ मा यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्ने व्यवस्था भने गरेको छ । ऐनको (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पहिलोपटक ट्राफिक नियम उल्लङ्घन गर्नेलाई पाँच सय रुपैयाँ, दोस्रोपटक गर्नेलाई एक हजार रुपैयाँ र तेस्रोपटक वा सोभन्दा बढी पटक गर्नेलाई एक हजार ५ सय रुपैयाँ जरिवाना यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले तत्काल गर्न सक्ने व्यवस्था छ ।
ट्राफिक प्रहरीले जरिवाना गर्न सक्ने अवस्थाहरूमा ट्राफिक सङ्केत वा इशारा उल्लङ्घन गरी सवारी चलाएमा, सवारी अड्याउन निषेध गरिएको ठाउँ वा समयमा सवारी अड्याएमा, सवारी मोड्न वा ध्वनि सङ्केत दिन निषेध गरिएको ठाउँमा सवारी मोडेमा, सडकमा गलत मार्गतर्फबाट सवारी चलाएमा, एकतर्फी सडकमा सोविपरीत सवारी चलाएको, अवस्था ठिक नभएको सवारी सञ्चालन गरेकालगायत छन् ।
त्यस्तै, निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएमा, राति बत्ती नबाली सवारी चलाएमा, मादक पदार्थ सेवन गरी सवारी चलाएमा, अरूलाई बाधा पुग्नेगरी सार्वजनिक स्थानमा सवारी राखेमा, सवारी चलाउन निषेध गरिएको ठाउँ वा समयमा सवारी चलाएमा, नम्बर प्लेट नराखी सवारी चलाएमा, सवारीको वजनको हद निर्धारण गरिएको ठाउँमा निर्धारित वजनभन्दा बढी भएका सवारी चलाएमा प्रहरीले जरिवाना गर्न सक्नेछ ।
साथै, पेटी नबाँधी वा हेल्मेट नलगाई सवारी चलाएमा, सवारीमा बस्ने वा राखे मानिस वा मालसामानको हद निर्धारित गरिएकामा सोहदभन्दा बढी राखी सवारी चलाएमा, सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरेमा, निर्धारित भाडा दरभन्दा बढी भाडा लिई सवारी चलाएमा, लापरवाही साथ सवारी चलाएमा, वाटो इजाजतपत्र नलिई सार्वजनिक सवारी चलाएमा र चालक अनुमतिपत्र साथमा नराखी सवारी चलाएमा जरिवाना गर्ने व्यवस्था छ ।
सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ ले ट्राफिक प्रहरीलाई केवल जरिवाना गर्ने अधिकार दिएकामा कानूनले तोकेको भन्दा बढी अधिकार प्रयोग गरी सवारी चालक अनुमतिपत्र नियन्त्रणमा लिँदा व्यक्तिको आवतजावत गर्ने र आफ्नो पेसा व्यवसाय सञ्चालन गर्ने स्वतन्त्रतामा अनुचित बन्देज लाग्ने अदालतले व्याख्या गरेको छ ।
फैसलामा भनिएको छ, 'विधिको शासनको विपरीत हुन जान्छ, नेपालको संविधानको धारा १८ ले सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने प्रत्याभूति गरेको अवस्थामा कानूनविपरीत प्रहरीले कुनै चालकको सवारी चालक अनुमतिपत्र नियन्त्रणमा लिने कार्यले नेपालको संविधानको धारा १८ अन्तर्गत समान संरक्षणको हकलाई समेत असर पार्दछ ।'
अदालतले व्यक्तिको हक अधिकार वा स्वतन्त्रतालाई असर पार्ने जुनसुकै कार्य पनि स्पष्ट कानूनी शक्तिको आधारमा गरिएको हुनुपर्ने र जुन काम प्रत्यक्ष रूपले गर्न पाइँदैन त्यो काम अप्रत्यक्ष रूपले समेत गर्न नमिल्ने भनेको छ ।
फैसलामा भनिएको छ, 'सवारी नियमको उल्लङ्घन गरेमा हुने सजायअन्तर्गत चालक अनुमतिपत्र, ब्लुबुक र गाडीको साँचो कब्जामा लिने कानूनी व्यवस्थाको अभावमा सोकार्य कुनै निकाय वा अधिकारीबाट हुन्छ भने उक्त कार्यले व्यक्तिको मर्यादालाई असर पार्ने हुँदा यस प्रकारका सवारी नियमको उल्लङ्घन भएको अवस्थामा चालक अनुमतिपत्रलगायत कागजात नियन्त्रणमा लिनु न्यायपूर्ण मान्न नमिल्ने हुँदा निवेदकबाट अनुमतिपत्रलगायत कागजात कब्जामा लिने कार्य गैरकानूनी देखिन आयो ।'
कानूनी व्यवस्थालाई हेर्दा, सवारी नियमको उल्लङ्घन गरेबापत सवारी चालकको सवारी चालक अनुमतिपत्र वा अन्य सवारीसँग सम्बन्धित कागजात नियन्त्रणमा लिने, जफत गर्ने अधिकार ट्राफिक प्रहरीलाई कानूनले दिएको कहीँ पनि नदेखिएको अदालतले व्याख्या गरेको छ । रासस

# हवाई सुरक्षा आधुनिकीकरण गर्नेबारे विज्ञहरूसँग परामर्श

**काठमाडौँ ।**
बदलिँदो परिस्थितिमा मुलुकको हवाई सुरक्षालाई आधुनिकीकरण गर्ने उपायको खोजी गर्न विज्ञहरूबीच विचारविमर्श भएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पुल्चोक क्याम्पसको 'मेकानिकल एन्ड एरोस्पेस इन्जिनियरिङ' विभागमा बिहीबार गरेको एकदिने कार्यशालामा सुरक्षाको दृष्टिले महत्त्वपूर्ण पाटोका रूपमा रहेको 'फ्लाइट डाटा मोनिटरिङ एन्ड एनालाइसिस' विषयमा सम्बन्धित वायुसेवा कम्पनी तथा अन्य सरोकारवाला निकायबीच छलफल भएको हो ।

कार्यशालामा नेपालकै पहिलो 'फ्लाइट डेटा मनिटरिङ' (एफडीएम) सम्बन्धी 'फ्लाइट डाटा मोनिटरिङ एन्ड एनालाइसिस इम्प्लिमेन्टेसन फर फ्लाइट सेफ्टी विषयक विज्ञहरूले प्रस्तुति दिएका थिए । पर्यटन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले उद्घाटन गरेको कार्यक्रममा मन्त्रालयका सहसचिव मुकेश डङ्गोलले कार्यक्रमको उद्देश्यबारेमा सहभागीहरूलाई जानकारी गराए ।

कार्यक्रममा हवाई उडानका तथ्याङ्कहरूको विश्लेषण गरी भविष्यमा हुनसक्ने हवाई दुर्घटना न्यूनीकरण गर्न र तथ्याङ्कमा आधारित सुरक्षा प्रणाली लागू गर्न विशेष जोड दिइएको थियो ।

पुल्चोक क्याम्पसको डिपार्टमेन्ट अफ मेकानिकल एन्ड एरोस्पेस इन्जिनियरिङका विभागीय प्रमुख डा. सुदीप भट्टराईको प्राविधिक नेतृत्व र हिमालय एयरलाइन्सको व्यावहारिक अनुभव समेटिएको यस कार्यशालाले प्राज्ञिक ज्ञान र हवाई उद्योगबीचको सम्बन्धलाई सुदृढ बनाएको मन्त्रालयले जनाएको छ । हिमालय एयरलाइन्सको तर्फबाट उडान जोखिम पहिचान र अन्तरराष्ट्रिय मापदण्डका सफल अभ्यासहरू प्रस्तुत गरिएको थियो ।

विज्ञ सहजकर्ताका रूपमा सहजीकरण गर्नुभएका डा भट्टराईले हवाई सुरक्षाको दृष्टिकोणबाट महत्त्वपूर्ण रहेको फ्लाइट डाटा मनिटरिङ एनालाइसिस र यसको महत्वको बारेमा जानकारी गराउँदै कार्यान्वयनमा भइरहेको समस्या एवम् समाधानका उपायका बारेमा आफ्नो प्रस्तुति दिएका थिए ।

सहभागी वायुसेवा कम्पनीका प्रतिनिधिहरूले आआफ्नो संस्थामा एफडिएम कार्यान्वयनको अवस्थाबारेमा जानकारी दिएका थिए । कार्यक्रमले एफडिएमको प्रभावकारी रूपमा कार्यान्वयनमा जोड दिनुका साथै नेपालको हवाई क्षेत्रलाई अन्तरराष्ट्रियस्तरमा पुर्याउन नियामक र सञ्चालकहरूका लागि एक स्पष्ट रणनीतिक मार्गचित्रसमेत तयार गर्न सहयोग पुगेको मन्त्रालयको नागरिक उड्डयन महाशाखाले जनाएको छ ।

कार्यक्रममा नेपाली वायुसेवा कम्पनीबाट हवाई सुरक्षासँग सम्बन्धित कर्मचारी, नियामक निकाय, नेपाल नागरिक उड्डयन प्राधिकरणबाट सम्बन्धित क्षेत्र हेर्ने पदाधिकारी, पुल्चोक क्याम्पसको सम्बन्धित विभागका विद्यार्थी र मन्त्रालयको नागरिक उड्डयन महाशाखाका कर्मचारीलगायतको उपस्थिति थियो । रासस

# सडक डिभिजन जुम्लाको पुँजीगत खर्च २६ प्रतिशत

**जुम्ला ।**
सडक डिभिजन कार्यालय जुम्लाले चालु आर्थिक वर्ष २०८२–८३ को नौ महिनामा पुँजीगत खर्च २६ प्रतिशतमात्र भएको छ ।

चालु आवका लागि सङ्घीय सरकारबाट ७४ करोड ३६ लाख १९ हजार रुपैयाँ बजेट विनियोजितमध्ये साउनदेखि चैतसम्म कार्यालयको हालसम्म पुँजीगत खर्च २६ प्रतिशतमात्र भएको सडक डिभिजन कार्यालय जुम्लाका नि. प्रमुख श्रवणकुमार महताराले जानकारी दिए ।

यो आवमा सडकका २२ वटा योजना बोलपत्र भई कार्यान्यवन गर्नेका लागि सम्झौता भई अहिले काम धमाधम भइरहेका छन् । कार्यालयको जुम्लालगायत कालिकोट र मुगु जिल्लामा कार्यक्षेत्र रहेको छ । राराताल जाने नाग्म–गमगढी सडकको कालोपत्र गर्ने यहाँको नाग्मदेखि हिमा गाउँपालिकाको देवारगाउँसम्मको करिब १५ किलोमिटर सडकको कालोपत्र गर्न ठेक्का आह्वान गरिएको कार्यालय प्रमुख महताराले जानकारी दिए ।

पन्ध्र किलोमिटर खण्डमा उच्चस्तरीय कालोपत्रका लागि अस्फाल्ट कङ्क्रिट प्रविधि प्रयोग हुने भएको छ । नाग्म–गमगढी राजमार्गका लागि बहुवर्षीय बजेटसमेत स्वीकृत भइसकेकाले दीर्घकालीन रूपमा निर्माणकार्यले निरन्तरता पाउने अपेक्षा गरिएको छ । चार वर्षअगाडि सो सडकको यहाँको कनकासुन्दरी गाउँपालिका क्षेत्रमा करिब छ किलोमिटरमात्र सडक कालोपत्र भएको कार्यालय प्रमुख महताराले बताए ।

पेट्रोलियम पदार्थको निरन्तर मूल्यवृद्धिले सडकका विकास निर्माणका काम प्रभावित हुने देखिन्छ । पेट्रोल, डिजेल र मट्टितेलको मूल्य बढेसँगै चालु अवस्थामा करिब पाँचवटा सडकका आयोजना प्रभावित हुने अनुमान गरिएको छ ।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारण सडक कालोपत्र गर्न आवश्यक निर्माण सामग्री नपाएको गुनासो निर्माण व्यवसायीबाट आउने गरेको सडक डिभिजन कार्यालयका प्रमुख महताराको भनाइ छ ।

निरन्तर बढ्दै गएको कच्चा तेलको मूल्यमा अन्तरराष्ट्रिय बजारमा गिरावट आएसँगै यसको प्रत्यक्ष असर नेपालमा पनि परेको छ । रासस

# भारतमा खाना पकाउने ग्यास र जेट इन्धनको मूल्य वृद्धि

**भारत ।**
इरान युद्धबाट आपूर्तिको दबाब बढ्दै जाँदा भारतले शुक्रबार अन्तर्राष्ट्रिय एयरलाइन्सका लागि व्यावसायिक तरलीकृत पेट्रोलियम ग्यास र जेट इन्धनको मूल्य बढाएको एक सरकारी ऊर्जा कम्पनीले जनाएको छ ।

भारत आयातित ऊर्जामा धेरै निर्भर छ । भारतले तरलीकृत पेट्रोलियम ग्यास (एलपिजी) को लगभग ६० प्रतिशत विदेशबाट ल्याउँछ । विश्वमा सबैभन्दा धेरै जनसङ्ख्या रहेको भारतको ठूलो हिस्साले खाना पकाउन प्रयोग गर्ने इन्धन ग्यास हो ।




फेब्रुअरीको अन्त्यमा मध्यपूर्व युद्ध सुरु भएदेखि नै आयातमा अवरोध आइरहँदा नयाँ दिल्लीले घरपरिवार र अत्यावश्यक क्षेत्रहरू पर्याप्त मात्रामा आपूर्ति भएको सुनिश्चित गर्न कदम चालेको छ, जसले धेरै रेस्टुरेन्ट, निर्माता र पावर प्लान्टहरूलाई अलपत्र पारेको छ ।

सरकारले भारतले समग्र इन्धनको अभाव नरहेको बताउँदै आएको छ ।

सरकारी कम्पनी इन्डियन आयल कर्पोरेसन लिमिटेड (आइओसिएल) ले भनेको छ, 'धेरै मात्रा र व्यावसायिक प्रयोजनका लागि प्रयोग हुने एलपिजी सिलिन्डरको मूल्य संशोधन गरिएको छ ।'

आइओसीएलको मूल्य तालिकाअनुसार व्यावसायिक प्रयोगका लागि बनाइएको १९ केजीको ग्यास सिलिन्डरको मूल्य ९९३ भारतीय रूपैयाँ (१०.५० अमेरिकी डलर) कायम भएको छ ।

यो भनेको राजधानी नयाँ दिल्लीमा ग्यासको मूल्यमा झण्डै ४८ प्रतिशतले वृद्धि भएको छ । स्थानीय करका कारण दरहरू शहर अनुसार फरक हुन्छन् ।

तीव्र वृद्धिले रेस्टुरेन्टहरूलाई विशेष गरी कडा असर पार्नेछ, मध्य पूर्व युद्धको समयमा धेरैले पहिले नै सेवाहरू घटाएका छन् ।

अन्तर्राष्ट्रिय विमान सञ्चालनका लागि जेट इन्धनको मूल्य पनि समायोजन गरिएको भारतीय इन्धन कम्पनीले जनाएको छ ।

आइओसीएलको तालिकाअनुसार दिल्लीमा हवाई इन्धन (एटिएफ) करिब पाँच प्रतिशतले बढेको छ । एएफपी

# प्रदेशस्तरीय बाह्रसिङ्गा ब्याडमिन्टन प्रतियोगिता सुरु



**कञ्चनपुर ।**
प्रथम सुदूरपश्चिम प्रदेश स्तरीय बाह्रसिङ्गा ब्याडमिन्टन प्रतियोगिता सुरु भएको छ ।

पश्चिमपाटी मिडियाले आयोजना गरेको प्रतियोगिताको आज कञ्चनपुर जिल्ला अदालतका मुख्य न्यायाधीश राजेन्द्र भण्डारीले उद्घाटन गरे । प्रतियोगितामा 'बी' लेभलका ४८ तथा भेट्रानतर्फ ३२ टोलीको सहभागिता रहेको प्रतियोगिता संयोजक शेरबहादुर सिंहले जानकारी दिए । खेलकुदको माध्यमबाट बाह्रसिङ्गाको प्रमुख वासस्थान रहेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको प्रवद्र्धन गर्न प्रदेश स्तरीय ब्याडमिन्टन प्रतियोगिता आयोजना गरिएको उनले बताए ।

प्रतियोगितामा 'बी' लेभलतर्फ पहिलो हुनेले ४४ हजार ४४४ रुपैयाँ, दोस्रो हुनेले २२ हजार २२२ रुपैयाँ र तेस्रो हुनेले ११ हजार १११ रुपैयाँ नगदसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन । त्यस्तै, भेट्रानतर्फ पहिलो हुनेलाई १५ हजार ५५५ रुपैयाँ, दोस्रो हुनेलाई ७ हजार ५५५ रुपैयाँ र तेस्रो हुनेलाई ५ हजार ५५५ रुपैयाँ नगदसहित मेडल र प्रमाणपत्र प्रदान गरिनेछ ।

उद्घाटन समारोहमा कञ्चनपुर खेलकुद विकास समितिका अध्यक्ष ज्ञानेन्द्रबहादुर सिंह, भीमदत्त नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत महेश बम, कञ्चनपुर ब्याडमिन्टन सङ्घका अध्यक्ष राहुल भट्टलगायत उपस्थित थिए । रासस

# ग्रामीण पर्यटन प्रवर्द्धन गर्न बन्दीपुरमा 'होमस्टे मार्ट'




**बन्दीपुर ।**
गाउँ पर्यटनको प्रवद्र्धन गर्ने उद्देश्यले तनहुँको प्रसिद्ध पर्यटकीय गन्तव्य बन्दीपुरमा दुईदिने 'होमस्टे मार्ट' सुरु भएको छ ।

नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश र बन्दीपुर गाउँपालिकाको संयुक्त आयोजना तथा गाउँ पर्यटन प्रवद्र्धन मञ्च(भिटोफ) को सहआयोजनामा मार्ट आयोजना गरिएको हो ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेका अनुसार मार्टका क्रममा बन्दीपुर र आपसका पर्यटकीयस्थलका साथै रुम्सी होमस्टे, रामकोट होमस्टे, सिद्ध गुफालगायत स्थानको पर्यटन व्यवसायी एवम् सञ्चारकर्मीलाई भ्रमण गराइएको थियो ।

मार्टका माध्यमबाट बन्दीपुर ग्रामीण पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबाबु थापाले बताए । बन्दीपुर भ्रमण वर्ष २०२५पछि पुनः बन्दीपुर गाउँ पर्यटन भ्रमण वर्ष घोषणा गरिएकोभएका अवस्थामा मार्ट यहाँको पर्यटकीय विकासमा महत्वपूर्ण बन्ने उनले विश्वास व्यक्त गरे ।

मार्टमा गण्डकी प्रदेशअन्तर्गतका ११ वटा जिल्लामध्ये म्याग्दीबाहेक सबै जिल्लाका २९ वटा होमस्टेका प्रवद्र्धनकक्ष समावेश छन् । गाउँ पर्यटनसम्बन्धी विभिन्न विषयमा छलफलका पनि आयोजना भएका छन् । रासस

# ढोरपाटनका किसानलाई अनुदानमा यान्त्रिक हलो



**बागलुङ।**
ढोरपाटन नगरपालिकाले यहाँका ४८ जना किसानलाई ५० प्रतिशत अनुदानमा यान्त्रिक हलो प्रदान गरेको छ।

किसानलाई आधुनिकतासँग जोडेर उत्पादन बढाउन नगरपालिकाले अनुदानमा यान्त्रिक हलो उपलब्ध गराएको हो । नगरपालिकाका नौवटै वडाका व्यावसायिक खेती गर्दै आएका किसानलाई हलो उपलब्ध गराइएको हो । हलो खरिद गर्न २४ लाख रुपैयाँ खर्च भएको उपप्रमुख धनबहादुर कायतले जानकारी दिए । ोरपाटनका अधिकांश भागमा आलु, सिमीलगायत सागसब्जीखेती हुँदै आएको छ । अनुदानमा यान्त्रिक हलो पाएपछि किसान खुसी भएका छन्। रासस

# ट्रम्पको चीन भ्रमणले इरान नीति प्रभावित

**अमेरिका ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आगामी चीन भ्रमणले इरानसँग सम्बन्धित सैन्य र कूटनीतिक रणनीतिमा प्रत्यक्ष प्रभाव पारिरहेको सङ्केत देखिएको छ । विभिन्न अमेरिकी सञ्चारमाध्यमका रिपोर्टअनुसार बेइजिङ भ्रमणलाई प्राथमिकतामा राख्दै ह्वाइट हाउसले इरानसम्बन्धी निर्णयहरूमा सावधानीपूर्वक सन्तुलन खोजिरहेको छ ।

एनबिसीको रिपोर्टअनुसार ह्वाइट हाउसका एक अज्ञात अधिकारीले राष्ट्रपति ट्रम्पले इरानसँग सम्बन्धित विकल्पहरू मूल्याङ्कन गर्दा चीन भ्रमणलाई महत्त्वपूर्ण कारकका रूपमा लिएको जानकारी दिएका छन् । मे १४ र १५ का लागि तय गरिएको यो भ्रमणलाई प्रशासनले अत्यन्त प्राथमिकताका साथ हेरिरहेको छ । द्वन्द्व सुरु भएपछि एकपटक स्थगित भइसकेको भ्रमणलाई फेरि पछाडि सार्ने पक्षमा प्रशासन नरहेको जनाइएको छ ।

यसैबीच, द न्युयोर्क टाइम्सले स्ट्रेट अफ हर्मुज र इरानी बन्दरगाहहरू वरिपरि लागू गरिएको दोहोरो समुद्री प्रतिबन्धले कूटनीतिक वातावरणलाई अझ जटिल बनाएको उल्लेख गरेको छ । यी अवरोधहरूले बेइजिङ भ्रमणलाई 'उच्च जोखिमयुक्त' बनाइरहेको बताइएको छ, जहाँ सुरक्षा र आपूर्ति व्यवस्थापन दुवै चुनौतीका रूपमा उभिएका छन् ।

चीनले युद्ध अन्त्यका लागि मध्यस्थ भूमिका खेल्ने इच्छा व्यक्त गरिरहे पनि वासिङ्टन र बेइजिङबीचको तनाव कायम छ । अमेरिकी प्रशासनले इरानी तेलसँग व्यापार गरेको आरोपमा चिनियाँ ढुवानी कम्पनी र तेल प्रशोधन केन्द्रहरूमाथि प्रतिबन्ध लगाउँदै आएको छ, जसले द्विपक्षीय सम्बन्धमा थप दबाब सिर्जना गरेको छ ।

ऊर्जा सुरक्षाको प्रश्नले पनि यस समग्र परिस्थितिलाई जटिल बनाएको छ । चीनसहित धेरै देशहरू हर्मुज जलघाँटीमार्फत हुने तेल ढुवानीमा निर्भर छन् । मार्चको सुरुदेखि जलमार्ग आंशिक रूपमा बन्द हुँदा



विश्वव्यापी आपूर्ति शृङ्खला प्रभावित भएको छ र यसले अमेरिका–चीन वार्तामा नयाँ दबाब थपेको छ ।

यसबीच राष्ट्रपति ट्रम्पले इरानसँग वार्ता जारी रहेको खुलासा गर्नुभएको छ, तर ती वार्ताको विवरण सीमित समूहमा मात्र राखिएको उनको भनाइ छ । 'वार्ताको वास्तविक अवस्था थाहा पाउनेहरू म र केही व्यक्तिहरू मात्रै हौँ,' उनले ओभल अफिसमा पत्रकारहरूसँग भने । साथै इरानको नेतृत्व संरचना अस्पष्ट रहेको उल्लेख गर्दै उनले वार्तामा त्यसले चुनौती थपेको बताए ।

यद्यपि, ट्रम्पले इरान सम्झौताको खोजीमा रहेको दाबी गरेका छन् । उनका अनुसार अमेरिकी नाकाबन्दी र आर्थिक दबाबले इरानको अर्थतन्त्र गम्भीर सङ्कटमा परेको छ । 'अवरोधको प्रभाव अत्यन्तै गहिरो छ,' उनले भने । यसले हर्मुज जलघाँटी केन्द्रित अमेरिकी रणनीतिक दबाबलाई सङ्केत गर्छ ।

सैन्य विकल्पका सन्दर्भमा भने ट्रम्पले सतर्कता देखाएका छन् । ठूलो स्तरको आक्रमण आवश्यक छ वा छैन भन्नेबारे अनिश्चितता व्यक्त गर्दै उनले परिस्थिति हेरेर निर्णय गरिने सङ्केत दिए । सिएनएनका अनुसार पेन्टागनबाट अद्यावधिक सैन्य विकल्पहरू प्राप्त हुने अपेक्षा गरिएको छ, जसले आगामी निर्णय प्रक्रियामा भूमिका खेल्नेछ ।

अमेरिकी आन्तरिक राजनीतिमा पनि यस विषयले बहस चर्काएको छ । कंग्रेसले राष्ट्रपतिको सैन्य अधिकार सीमित गर्न प्रयास गरिरहँदा ट्रम्पले त्यसको आलोचना गरेका छन् । उनले आफू इरानसँग सम्झौतामा केन्द्रित हुँदा पनि विधायिकाबाट निरन्तर अवरोध भइरहेको गुनासो गरे । यसैबीच, युद्धविरामका कारण सन् १९७३ को युद्ध शक्ति प्रस्तावअन्तर्गतको ६० दिने समयसीमा रोकिने प्रशासनको दाबीले नयाँ कानूनी विवाद निम्त्याएको छ । रक्षामन्त्री पीट हेगसेथले सिनेटमा गवाही दिँदै युद्धविरामले यो समयसीमा स्थगित भएको तर्क गरे । तर डेमोक्रेटिक सिनेटर टिम केनले यस व्याख्यामा असहमति जनाउँदै कानूनी रूपमा यो टिक्न नसक्ने बताए । एएफपी

# वैशाख शुक्ल पूर्णिमाः मनाइयो बुद्ध जयन्ती



काठमाडौँ ।
शान्तिका अग्रदूतका रूपमा विश्वमा परिचित सिद्धार्थ गौतमको २५७०औँ जयन्ती शुक्रबार भगवान् विष्णुको नवौँ अवतारका रूपमा जन्म लिएका बुद्धको पूजा, आराधना एवम् प्रवचन गरी मनाइएको छ ।
प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्ध जयन्ती मनाइन्छ ।
सिद्धार्थ गौतमले विश्व शान्ति स्थापनाका लागि पुर्याएको योगदानको स्मरणस्वरुप यो पर्व मनाउने गरिएको हो । बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मृत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्धजयन्ती मनाउने गर्दछन् । 'अहिंसा नै शान्ति र मैत्रीको आधारशिला हो,' यस्ता अनेकौँ कालजयी सन्देशका वाहक भगवान् गौतम बुद्धको २५७०औँ जयन्ती शान्तिको कामना गर्दै शुक्रबार देशभर मनाइएको हो ।
बौद्ध धर्मावलम्बीले चैत्य, गुम्बा, विहारलगायत स्थलमा लामा एवम् बौद्ध धर्मगुरु बसेर परम्परादेखि हुँदै आएको पूजालगायत विधि पूरा गरिन्छ । यस अवसरमा लुम्बिनी, स्वयम्भू, बौद्धलगायत स्थलमा विविध कार्यक्रम आयोजना गरी बुद्ध जयन्ती मनाउने परम्परा छ ।
इसापूर्व ५६३ अर्थात् शुक्रबारभन्दा २५७० वर्षअघि रुपन्देही जिल्लास्थित लुम्बिनी उद्यानमा पिता राजा शुद्धोधन र माता मायादेवीको गर्भबाट वैशाख शुक्ल पूर्णिमाका दिन सिद्धार्थ गौतमको जन्म भएको थियो ।
राजकुमारका रूपमा जन्म लिएका सिद्धार्थ गौतम मानिसले पाएका दुःख देखेर चिन्तित बने । २९ वर्षको उमेरमा दरबार छोडी तपस्याका लागि निस्किए ।

# साँचो क्रान्ति 'क'बाट होइन, 'ज्ञ'बाट सुरु हुन्छः प्रधानमन्त्री

**काठमाडौँ ।**
प्रधानमन्त्री वालेन्द्र शाहले साँचो क्रान्ति 'क'बाट होइन, 'ज्ञ'बाट सुरु हुने बताएका छन् ।
पच्चीस सय सत्तरीऔँ बुद्ध जयन्तीका सुअवसरमा सामाजिक सञ्जालमार्फत सम्पूर्णमा दिएको प्रज्ञामय शुभकामनामा उनले त्यो 'ज्ञ' ज्ञान भएको स्पष्ट गरेका छन् ।
बुद्धको जन्मले धन्य हाम्रो नेपाल भूमि सदैव अहिंसा र शान्तिको पक्षमा रहेको उल्लेख गर्दै प्रधानमन्त्री शाहले सन्देशमा शान्तिका सर्वकालीन महान् प्रवर्तक बुद्धको जन्मजयन्तीको अवसरमा विश्वशान्तिको कामना गरेका छन् ।
प्रधानमन्त्रीले भनेका छन्, 'बुद्धले भने– दुःख छ, दुःखको कारण छ, दुःखको निवारण छ, दुःख निवारण गर्ने मार्ग छ । बुद्धले देखाउनुभएको बाटो दुःख निवारणको बाटो हो, उज्यालोको अभाव नै अँध्यारो हो; जतिबेला उज्यालोको किरणले पाइला टेक्छ, अँध्यारो स्वतः बिलाएर जान्छ, हाम्रो यात्रा त्यस्तै ज्ञानको उज्यालोको खोजमा हुनुपर्छ, समस्या निवारणको मार्गमा हुनुपर्छ ।' रासस

# वैशाख शुक्ल पूर्णिमाः भूमेस्थानमा पूजा, आराधना गरी मनाइँदै उभौली पर्व



**काठमाडौँ ।**
प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन किरात राई समुदायले मनाउने उभौली पर्व शुक्रबार देशभरका भूमेस्थानमा पूजा आराधना गरी मनाइन्छ ।
बाली लगाउनुअघि गाउँगाउँमा रहेका भूमेस्थानमा राम्रोसँग काम होस् भनी प्रकृतिको पूजा आराधना गरिने परम्परा छ । गर्मी बढ्ने भएकाले यो समुदायका मानिस बेँसीबाट लेकतिर उँभो लाग्ने भएकाले पनि यसको नाम उभौली रहेको हो ।
वैशाख शुक्ल पूर्णिमादेखि चराचुरुङ्गीलगायत जङ्गली जनावर पनि उँभो लाग्ने किरात समुदायको विश्वास छ । नदीमा माछा पनि गर्मीबाट बच्न बेँसीको नदीबाट लेकतिर लाग्छन् भन्ने भनाइ छ ।
मार्गशीर्ष शुक्ल पूर्णिमाका दिन बाली भित्र्याएर जाडो छल्न बेँसी झरेका मानिस शुक्रबारदेखि उँभो लाग्छन् । उँभोको अर्थ खेतीपाती राम्रो होस्, धेरै होस्, उन्नति होस् भन्ने भनाइ पनि रहेको छ । यस पर्वका अवसरमा चण्डी नाचसमेत नाचिन्छ । यसैकारण वैशाख शुक्ल पूर्णिमाको दिनलाई चण्डी पूर्णिमा पनि भनिन्छ ।
किरात समुदायका विभिन्न सम्प्रदायका बीच साकेला नाच पनि नाचिन्छ ।
राजधानीमा ललितपुरको हात्तीवनमा रहेको साकेलास्थानमा जम्मा भएर पूजा आराधनाको विधि गरिएको छ ।
खोटाङको ऐँसेलुखर्क गाउँपालिकाका मानिसले भने यो पर्व जेठ २२ गतेपछि मनाउने तयारी गरेका छन् । ऐँसेलुखर्कका मानिसले प्रत्येक वर्ष जेठ २२ पछि यो पर्व मनाउने परम्परा छ ।
किरात समुदायमा पनि एकथरिले उभौली पर्व उत्तरायण सुरु हुने दिन माघ १ गते नै मनाउने गर्छन् । उधौली भने दक्षिणायन सुरु हुने दिन पारेर साउन १ गते मनाउँछन् । यस समुदायका धेरै मानिसले उभौली वैशाख शुक्ल पूर्णिमा र उधौली पर्व मार्गशीर्ष शुक्ल पूर्णिमाका दिन मनाउँछन् । यो पर्व किरात राई समुदायको महत्त्वपूर्ण पर्वका रूपमा रहेको छ ।

## पर्वले सामाजिक एकता कायम राख्न सहयोग पुग्छ



राष्ट्रपति रामचन्द्र पौडेलले पर्वहरूले सबै जातजातिबीच आपसी सद्भाव अभिवृद्धि गर्नुका साथै पारिवारिक, सामुदायिक र सामाजिक एकता कायम राख्न सहयोग पुर्याउने उल्लेख गरेका छन् ।
किरात समुदायको पर्व उभौलीका अवसरमा सबैमा सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्दै उनले यस्ता सांस्कृतिक पर्वहरूले देशको सांस्कृतिक विविधताको सम्मान र संरक्षणलाई कायम राख्ने बताएका छन् । साथै समानता र सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायबीच आपसी सद्भाव र एकतालाई सुदृढ बनाउन मद्दत पुग्ने उनको भनाइ छ ।
ऋतु परिवर्तनको सङ्केत दिने पर्वका रूपमा र जङ्गली जनावर तथा पशुपन्छीहरू बेँसीबाट लेकतर्फ बसाइँ सर्ने समय मानेर वैशाख शुक्ल पूर्णिमालाई उभौली पर्वका रूपमा मनाइन्छ । वसन्त ऋतुको आगमनसँगै बाली लगाउने समय सुरु हुने भएकाले प्रकृति र पितृपूजक किरातीहरूले बालीनाली राम्रो होस्, प्राकृतिक प्रकोप तथा विपत्ति नआऊन् भनेर भूमि, बाली र पितृपूजा गर्दछन् ।
राष्ट्रपति पौडेलले उभौलीमा लगाइएको बाली उधौलीमा घर भित्र्याइने चलन रहेको उल्लेख गर्दै यस दिन साकेला नृत्य गर्दै मीठामीठा परिकार खाएर आपसमा शुभकामना आदानप्रदान गरी रमाइलोसँग यो पर्व मनाउने परम्परा रहेको बताएका छन् ।
उनले उभौली पर्वले सम्पूर्ण नेपालीमा राष्ट्रिय एकताको भावना जागृत गरी सद्भाव, सहिष्णुता र बन्धुत्वको भावनालाई प्रगाढ बनाउनका लागि सबैमा निरन्तर प्रेरणा प्रदान गरोस् भन्ने कामना गरेका छन् ।

**उपराष्ट्रपतिद्वारा शुभकामना**

उपराष्ट्रपति रामसहायप्रसाद यादवले गौतमबुद्ध जयन्ती, 'उभौली' पर्व र विश्व श्रमिक दिवसका अवसरमा शुभकामना व्यक्त गरेका छन् ।
उनले शुक्रबार शुभकामना सन्देश जारी गरी भगवान् गौतमबुद्धको जयन्ती, किरात समुदायको महान पर्व 'उभौली' तथा १३७औँ विश्व श्रमिक दिवसका अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा शुभकामना व्यक्त गरेका हुन् ।
गौतमबुद्ध जयन्तीले सत्य, करुणा, अहिंसा र मैत्रीको मार्गमा मानवतालाई अघि बढाउने प्रेरणा दिनुका साथै लुम्बिनीमा जन्मेका सिद्धार्थ गौतमले विश्वलाई दिएको मध्यम मार्ग र अष्टाङ्गिक मार्ग शुक्रबार पनि शान्ति, सहिष्णुता र नैतिक जीवनको आधारस्तम्भ भएको उनको भनाइ छ । गौतमबुद्धको शिक्षाले व्यक्तिगत आत्मजागरणमात्र नभई, सामाजिक सद्भाव र विश्व भ्रातृत्वलाई पनि बलियो बनाएको उपराष्ट्रपति यादवको भनाइ छ । उनले भनेका छन्, 'यस अवसरमा बुद्धका उपदेश आत्मसात् गर्दै समाजमा शान्ति, न्याय र समानताको वातावरण निर्माण गर्न सबैलाई उत्प्रेरित गर्न सकियोस् भन्ने कामना गर्दछु ।'
उभौली पर्व, किरात समुदायको मौलिक सांस्कृतिक परम्परा हो, जसले प्रकृतिप्रतिको श्रद्धा, कृषि चक्रको निरन्तरता र सामूहिक एकताको सन्देश दिन्छ । यस पर्वले वातावरण संरक्षण, सामुदायिक सद्भाव र सांस्कृतिक विविधताको महत्वलाई उजागर गर्दै नेपाललाई सांस्कृतिक समृद्धि र सामाजिक एकताको मार्गमा अघि बढाउने प्रेरणा दिने उपराष्ट्रपतिको विश्वास छ ।
विश्व श्रमिक दिवस (१ मे), २०२६ ले श्रमजीवी वर्गको योगदानलाई सम्मान गर्दै श्रमिकको अधिकार, सामाजिक सुरक्षा र न्यायोचित पारिश्रमिक सुनिश्चित गर्ने सङ्कल्पलाई थप बलियो बनाउने उनले बताएका छन् । राष्ट्रको विकास, निर्माण र समृद्धिमा श्रमिकहरूको श्रम, समर्पण र सङ्घर्ष अमूल्य रहेको उल्लेख गर्दै संविधानले सुनिश्चित गरेका श्रमिक अधिकारलाई व्यवहारमा उतार्दै सुरक्षित, सम्मानजनक र समावेशी कार्य वातावरण निर्माण गर्नु आजको आवश्यकता रहेको उनको भनाइ छ । शुभकामना सन्देशमा भनिएको छ, 'यस दिवसले श्रमिकमैत्री नीति, सामाजिक सुरक्षा र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सबैलाई सक्रिय बनाउन सहयोग पुगोस् ।' रासस

# १३७औँ अन्तरराष्ट्रिय श्रमिक दिवस मनाइयो

**काठमाडौँ ।**
'आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम' भन्ने नारासहित सन् १८८६ देखि सुरु भएको मजदुर आन्दोलनको सम्झनामा विविध कार्यक्रम गरी शुक्रबार नेपालसहित विश्वभर १३७औँ अन्तरराष्ट्रिय श्रमिक दिवस मनाइएको छ ।
दिवसका अवसरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले रोजगारदाता र श्रमिकलगायत सम्बन्धित अन्तरराष्ट्रिय सङ्घसंस्थाका प्रतिनिधिको सहभागितामा देशैभर विभिन्न कार्यक्रम आयोजना गरेको छ ।
फ्रान्सको पेरिसमा सन् १८८९ मा सम्पन्न विश्वका श्रम सङ्गठन एवम् श्रमिक नेताहरूको सम्मेलनको निर्णय गरेअनुरूप सन् १८९० देखि हरेक वर्ष अङ्ग्रेजी महिनाको मे १ तारिखमा अन्तरराष्ट्रिय श्रमिक दिवस मनाइँदै आइएको छ ।
मजदुरले यस दिवसलाई पर्वका रूपमा लिँदै आफ्ना हक अधिकारको सुनिश्चितताका लागि सरकार र रोजगारदातालाई दबाब दिने उद्देश्यले विभिन्न कार्यक्रम गर्दै आएका छन् ।
विसं २००७ मा भएको विराटनगर मजदुर आन्दोलनसँगै नेपालमा अन्तरराष्ट्रिय श्रमिक दिवस मनाउन थालिएको इतिहास छ । विसं २०४६ को राजनीतिक परिवर्तनपछि सरकारले अन्तरराष्ट्रिय श्रमिक दिवसका अवसरमा सार्वजनिक बिदा दिन थालेको हो ।
नेपालमा ६० को दशकपछि सरकारी तवरबाटै विभिन्न कार्यक्रम आयोजना गरी दिवस मनाउने गरिँदै आइएको छ ।
नेपाल सरकारको आयोजना हुने कार्यक्रममा नेपालमा श्रमिकको वर्तमान अवस्था, श्रमिक हितका लागि ल्याइएका प्रमुख नीतिगत,



न्यूनतम ज्याला, श्रमिकको जीवनस्तर, अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई औपचारिक दायरामा ल्याउने रणनीति, स्वदेशमै रोजगारी सृजना गर्ने कार्यक्रम, युवा लक्षित दीर्घकालीन योजनाबारे छलफल र बहस हुनेछ ।
कार्यक्रममा नेपालमा श्रम कानून कार्यान्वयनको अवस्थाबारे विषयविज्ञबाट प्रस्तुतिसमेत हुनेछ ।
पारिश्रमिक लिएर शारीरिक र मानसिक रूपमा काम गर्ने व्यक्तिलाई श्रमिक मानिन्छ ।
सरकारले नेपालमा श्रमिकको हकहित र अधिकारका लागि विभिन्न नीतिगत सुधार, रोजगार बजारको व्यवस्थापन, वैदेशिक रोजगारी, सामाजिक सुरक्षा र श्रमिक अधिकारसम्बन्धी विषय सम्बोधनको प्रयास भइरहेको स्पष्ट पारेको छ ।
मन्त्रालयका श्रम सम्बन्ध तथा सामाजिक संरक्षण महाशाखा प्रमुख एवम् सहसचिव प्रेमप्रसाद आचार्यले श्रम कानूनको कार्यान्वयन र श्रमिकको हक अधिकारका संरक्षण र संवद्र्धनमा विगतको तुलनामा ठूलो प्रगति हासिल भएको बताए ।
उनले भने, 'श्रम ऐन, २०७४ र श्रम नियमावली, २०७५ मा भएका व्यवस्था कार्यान्वयन गर्ने प्रयास भइरहेको छ । सरोकारवालाको सुझावका आधारमा ऐन संशोधनको काम अघि बढिरहेको छ । अन्तरिक श्रम बजारलाई व्यवस्थित र मर्यादित बनाउने सन्दर्भमा कानून पालना र उल्लङ्घन भएमा कारबाही प्रक्रिया अघि बढिरहेको छ ।'
नेपाल विश्वबजारमा धेरै श्रमिक पठाउने मुलुकको सूचीमा रहेको छ । मुलुकको अर्थतन्त्रको ठूलो हिस्सा वैदेशिक रोजगारमा रहेका नेपालीले पठाउने विप्रेषणले ओगटेको छ ।
सरकारले स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धी, दक्ष एवम् सीपयुक्त जनशक्तिको उत्पादन तथा रोजगार एवम् स्वरोजगारका अवसर सृजना गरी सुरक्षित, मर्यादित र स्वस्थ कार्य वातावरण प्रदान गरी राष्ट्रिय अर्थव्यवस्थाको सुदृढीकरण र गरिबी निवारणमा योगदान पुर्याउने दूरगामी सोच लिएको छ ।
सरकारले पछिल्ला वर्षमा श्रमिकको न्यूनतम पारिश्रमिक १९ हजार ५ सय ५० रुपैयाँ निर्धारण गरेको छ । प्रत्येक दुई वर्षमा पारिश्रमिक पुनरावलोकन गर्ने व्यवस्था छ । त्यसबारे सरोकारवाला निकाय र पक्षसँग परामर्श गरिरहेको छ ।
मन्त्रालयले पछिल्लो चरण योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम अघि बढाइरहेको छ । नेपाली समाजलाई विश्वस्तरको स्वास्थ्य सेवा र पेन्सनसहितको जीविकोपार्जन कार्यक्रम समावेश गरेपछि सामाजिक सुरक्षा कोषमा करिब २९ लाख श्रमिक समावेश भइसकेका छन् ।
त्यसमा औपचारिक क्षेत्रका करिब छ लाख श्रमिकलाई पनि सामाजिक सुरक्षा कोषमा आबद्धता गराउन सरकारी प्रयास भइरहेको छ । सरकारले मुख्य श्रम गन्तव्यका रूपमा रहेको वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन विभिन्न प्रयास पनि गरिरहेको छ ।
पछिल्लो समय प्रविधिको क्षेत्रमा विश्वव्यापी गतिशीलता र विकासले श्रम बजारलाई केही समययता तीव्रगतिमा परिवर्तन ल्याएको छ । श्रम बजारमा निरन्तर प्रवेश भइरहेको श्रमशक्तिलाई रोजगारीको सुनिश्चितता गर्ने विषय अहिले चुनौतीपूर्ण बन्दै गएको छ ।
सरकारले वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा अधिकारको प्रत्याभूति, नियमन र व्यवस्थापन गर्न विभिन्न सुधारका कार्यक्रम अघि बढाएको छ । साथै वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति लिइएको मन्त्रालयले जनाएको छ ।

# संवैधानिक प्रबन्धले मूर्तरूप लिँदै विश्वास



राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकमा समाजवादउन्मुख अर्थतन्त्र निर्माण गर्न परिकल्पना गरिएको संवैधानिक प्रबन्धले मूर्तरूप लिँदै जाने विश्वास व्यक्त गरेका छन् । विश्व मजदुर दिवस (मे १,२०२६)का अवसरमा शुक्रबार स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली श्रमजीवी दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दै सो विश्वास गरेका हुन् । उनले श्रम अधिकार सुनिश्चितताको कामना पनि गरेका छन् ।
उनले भनेका छन्, 'मुलुकको आर्थिक समृद्धिका लागि उद्यमशीलताको विकासमार्फत स्वदेशी उत्पादन वृद्धि गरी स्वदेशी उत्पादनको प्रयोगमा जोड दिँदै स्वावलम्बी र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न आवश्यक छ, उद्यमशीलताको विकास गर्न पुँजी लगानी गर्ने उद्यमी र श्रम तथा सीप लगानी गर्ने श्रमिकहरू दुवैको योगदान उत्तिकै महत्त्वपूर्ण हुने भएकाले मर्यादित श्रमको वातावरण निर्माण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नुपर्दछ भन्ने मलाई लाग्दछ ।'
श्रमिकहरूको पेसागत मर्यादा र सम्मान अभिवृद्धि गर्न उनीहरूको हक, अधिकार स्थापित भएको दिनका रूपमा प्रत्येक वर्ष मे १ मा यो दिवस मनाउने गरिन्छ । यस दिवसले विश्वभरिका सम्पूर्ण श्रमजीवीहरूलाई आफ्नो हक, हित, अधिकार तथा स्वतन्त्रताको रक्षार्थ एकताको सूत्रमा बाँध्न सहयोग पुग्ने राष्ट्रपति पौडेलको भनाइ छ ।
नेपालको संविधानले सम्पूर्ण नागरिकहरूका लागि रोजगारीको हक एवम् श्रमको हक सुनिश्चित गर्दै प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई समेत प्रत्याभूत गरेको उल्लेख गर्दै उनले समान कामका लागि लङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने व्यवस्था समानताको हकले गरेको बताएका छन् । सन्देशमा भनिएको छ, 'विश्व मजदुर दिवसले श्रमको सम्मान, स्वरोजगार, उचित पारिश्रमिक एवम् सामाजिक सुरक्षा सुनिश्चित गर्नेतर्फ अग्रसर हुन सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु ।' रासस

# कृष्णा अस्पतालमा विवाद समाधान

# मृतकका परिवारलाई क्षतिपूर्ति

मधेशदृष्टि
जनकपुरधाम ।
जनकपुरधामस्थित कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर अस्पताल मा शल्यक्रियापछि एक महिलाको मृत्यु भएको घटनामा अस्पताल प्रशासन र मृतकका परिवारबीच अन्ततः सहमति भएको छ । सहमतिसँगै दिनभर जारी तनाव र विरोध कार्यक्रमसमेत अन्त्य भएको छ ।

दुवै पक्षबीच भएको सहमतिअनुसार अस्पतालले मृतक परिवारलाई १ लाख रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउने र ८० हजार रुपैयाँ उपचार खर्च मिनाहा गर्ने निर्णय गरिएको छ । सहमति भएपछि परिवारजनले शव बुझेर अन्त्येष्टिका लागि घर फर्किएका छन् ।



जिल्ला प्रहरी कार्यालयको पहलमा डीएसपी मधुसुदन न्यौपानेको नेतृत्वमा भएको वार्तापछि विवाद समाधानतर्फ गएको हो ।

घटनापछि बिहानैदेखि अस्पताल परिसर तनावग्रस्त बनेको थियो । सम्भावित सुरक्षा जोखिमलाई ध्यानमा राख्दै ठूलो संख्यामा प्रहरी परिचालन गरिएको थियो ।

महोत्तरीको बलवा नगरपालिका–१ बञ्चौरीकी ३६ वर्षीया रागनी देवी पासवानको पित्तथैलीमा रहेको पत्थरी निकाल्ने शल्यक्रिया बैशाख १६ गते साँझ गरिएको थियो । अस्पतालका अनुसार शल्यक्रियापछि शुक्रबार बिहान करिब ३ बजे उनको मृत्यु भएको हो । तर, मृतकका आफन्तले उपचारमा गम्भीर लापरबाही भएको आरोप लगाउँदै अस्पतालविरुद्ध प्रदर्शन गरेका थिए । उनीहरूको दाबीअनुसार ल्याप्रोस्कोपी विधिबाट अप्रेसन गर्ने सहमति भए पनि चिकित्सकले पेट चिरेर शल्यक्रिया गरेका थिए । आक्रोशित समूहले अस्पतालमा तोडफोडसमेत गरेको थियो ।

यता, उपचारमा संलग्न चिकित्सकहरूले भने बिरामीको अवस्था हेरेर परिवारकै सहमतिमा चिरुवा शल्यक्रिया गरिएको बताएका छन् ।

पोस्टमार्टम तथा कानुनी प्रक्रियाबारे केही समय अन्योल देखिए पनि अन्ततः सहमतिसँगै विवाद समाधान भएको छ । मृतकका श्रीमान् वैदेशिक रोजगारीमा रहेको र उनका तीन सन्तान रहेका छन् ।

# सिमरा सेजको चार सय

# नब्बे बिघा जमिन अतिक्रमित




**वीरगंज ।**
बाराको सिमरास्थित विशेष आर्थिक क्षेत्र (सेज) प्राधिकरण मातहत रहेको ४ सय ९० बिघा जमिन अतिक्रमण भएको छ । सेजको जग्गामा अहिले करिब छ सयभन्दा धेरैले घरटहरा निर्माण गरेर अस्थायी रूपमा बसोबास गरिरहेका छन् ।

विशेष आर्थिक क्षेत्र प्राधिकरण मातहत ८ सय ३३ बिघा जग्गा भए पनि अहिले ३ सय ४३ बिघा क्षेत्रफलअन्तर्गत विभिन्न ब्लकमा उद्योग तथा कलकारखना सञ्चालन एवम् केही उद्योग निर्माणाधीन अवस्थामा रहेका छन् । तर, बाँकी रहेको अन्य जग्गामा अतिक्रमण गरेर खेतीपाती तथा घरटहरा निर्माण गरेर बसिरहेका छन् ।

सिमरास्थित विशेष आर्थिक क्षेत्र प्राधिकरणका साइट इन्चार्ज तथा इन्जिनियर पप्पु गिरीले ४ सय ९० बिघा क्षेत्रफलमा किसानले खेतीपाती गरेर अतिक्रमण गर्दै आइरहेकाले अब हटाउने प्रक्रिया अघि बढाइएको जानकारी दिए ।

प्राधिकरणले वैशाख ९ गते पत्र लेखेर जितपुरसिमरा उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय बारा र जिल्ला प्रहरी कार्यालय बारालाई पत्र लेखेर जग्गा अतिक्रमण हटाउनका लागि आवश्यक समन्वय र सहजीकरण गर्नका लागि अनुरोध गरिएको छ ।

'विशेष आर्थिक क्षेत्रको जग्गा अतिक्रमण गरी बनेका घरटहरा हटाउन, लगाइसकेका बालीनाली उठाउन तथा नयाँ बालीनाली नलगाउन स्थानीयलाई जानकारी गराएर अतिक्रमित जग्गा खाली गराउनका लागि अनुरोध भइसकेको छ,' सेजका साइट इन्चार्ज गिरीले भने, 'सरकारी निकायसँग आवश्यक समन्वय गर्ने काम भइरहेको छ ।'

विशेष आर्थिक क्षेत्र प्राधिकरण सिमराका सबइन्जिनियर अजयकुमार चौधरीले वीरगंज चिनी कारखाना बन्द भएपछि कारखानामा काम गर्ने ९३ जना कामदारलाई अस्थायी रूपमा बसोबास गर्न र खनजोत गर्नका लागि प्रतिपरिवार छ कट्ठाका दरले जग्गा उपलब्ध भएको जानकारी दिए ।

'हामीले अतिक्रमणमा परेको जग्गा फिर्ता ल्याउनका लागि आवश्यक प्रक्रिया अघि बढाइसकेका छौँ,' उनले भने, 'जितपुर सिमरा उपमहानगरपालिका र स्थानीय प्रशासनबाट सहयोग गर्ने प्रतिबद्धता पाइसकेका छौँ ।'

प्राधिकरणका अनुसार अहिले यहाँ अस्थायी रूपमा घरटहरा बनाएर करिब छ सयभन्दा धेरै बसोबास गर्दै आइरहेको जनाएको छ । प्राधिकरणअन्तर्गत पाँच वटा ब्लक रहेका छन् ।

बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले सिमरास्थित विशेष आर्थिक क्षेत्र प्राधिकरणको अतिक्रमित जग्गा र घरटहरा हटाउनका लागि आवश्यक शान्तिसुरक्षा दिनका लागि तयार रहेको बताए । 'प्राधिकरण र गृहमन्त्रालय दुवै निकायबाट अतिक्रमित जग्गा हटाउन आवश्यक समन्वय र सहजीकरण गर्न अनुरोध आएको छ,' उनले भने, 'प्राधिकरणले मिति तोकेर हटाउन भनेपछि हामीले आवश्यक शान्तिसुरक्षा उपलब्ध गराएर सहजीकरण गर्न तत्पर रहेका छौँ ।'

'ए' ब्लकमा ३ सय ४३ बिघा जग्गा रहेको छ । जहाँ अहिले आधा दर्जनभन्दा धेरै उद्योग चालु अवस्थामा रहेका छन् भने एक दर्जन उद्योग निर्माणाधीन अवस्थामा रहेका छन् ।

त्यस्तै, 'बी' ब्लकमा १ सय २८ बिघा क्षेत्रफल रहेको छ । जहाँ ७० प्रतिशतभन्दा धेरै जग्गा प्राधिकरण मातहत नै छ । त्यस्तै 'सी' ब्लकमा भने ४९ दशमलव ५ बिघा जग्गा रहेको छ । त्यस्तै 'डी' ब्लकमा १ सय ३३ बिघा र 'इ' ब्लकमा १ सय ७८ दशमलव ५ बिघा जग्गा रहेको छ ।

# फुटपाथ अतिक्रमणमुक्त अभियानमा चुनौती कायमै

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाले केही साताअघि बजार क्षेत्रका फुटपाथ तथा सडक अतिक्रमण हटाउन व्यापक अभियान चलाए पनि अवस्था फेरि पुरानै देखिन थालेको छ । प्रारम्भिक केही दिन बजार खुला र व्यवस्थित देखिए पनि अहिले मुख्य क्षेत्रहरूमा पुनः ठेला, तरकारी पसल र सडकमै व्यापार गर्नेहरूको भीड बढ्न थालेको छ ।



रामानन्द चोक, रामचोक र जानकीचोक जस्ता व्यस्त क्षेत्रमा फुटपाथ पुनः व्यापारिक स्थलमा परिणत हुन थालेको भन्दै स्थानीयले गुनासो गरेका छन् । यसले सवारी आवागमनमा अवरोध हुनुका साथै पैदल यात्रुहरूलाई जोखिमपूर्ण अवस्था सिर्जना गरिरहेको छ ।

स्थानीयवासीहरूको भनाइमा नगरपालिकाको अभियान दीर्घकालीन नभई क्षणिक 'देखावटी' जस्तो देखिएको छ । केही दिन कडाइ हुने र त्यसपछि फेरि उही अवस्था दोहोरिने प्रवृत्तिले समस्या झन् जटिल बनाइरहेको उनीहरूको तर्क छ ।

जनकपुरधाम–७ का स्थानीय रवि ठाकुर भन्छन्, 'नगर प्रहरीले कहिलेकाहीँ हटाउँछ, व्यापारीहरू हट्छन्, तर केही घण्टा वा भोलिपल्टै फेरि त्यही ठाउँमा पसल थापिन्छ ।' यस्तै, जनकपुर–१२ का वीर झाले पनि फुटपाथ पुनः व्यापारिक स्थलमा परिणत भएको बताए ।

धार्मिक तथा पर्यटकीय सहरका रूपमा चिनिने जनकपुरधाममा दैनिक हजारौँ मानिसको आवतजावत हुने गर्छ । यस्तो अवस्थामा सडक किनारमै हुने अव्यवस्थित व्यापारले सहरको सौन्दर्य, ट्राफिक व्यवस्थापन र सुरक्षामा प्रत्यक्ष असर पारिरहेको देखिन्छ । बिहान र साँझको समयमा तरकारी, फलफूल, कपडा लगायतका सामग्री बेच्नेहरूको भीडले सडक साँघुरो बनाउँदै ट्राफिक जामको समस्या थपिएको छ ।

मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले अटेरी गर्नेहरूलाई कारबाही गरिने चेतावनी दिएका छन् । उनका अनुसार समस्या समाधानका लागि स्थानीय सरकार, सुरक्षा निकाय र नागरिक सबैको साझा प्रयास आवश्यक छ ।

उता, जनकपुरधाम उपमहानगरपालिकाका प्रवक्ता परमेश झाले नगर प्रहरी नियमित अनुगमनमा खटिएको दाबी गरे । उनले नियम पालना गर्ने संस्कार विकास गर्न स्थानीयको भूमिका पनि महत्वपूर्ण रहेको उल्लेख गरे ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षक सूर्यबहादुर शाहीले ट्राफिक व्यवस्थापन आफ्नो मुख्य जिम्मेवारी रहेको स्पष्ट पार्दै फुटपाथ अतिक्रमण नियन्त्रण स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने बताए । यद्यपि ट्राफिकमा अवरोध हुने अवस्थामा प्रहरीले पनि आवश्यक कडाइ गर्ने उनले जनाए ।

यता, फुटपाथ व्यापारीहरू भने आर्थिक बाध्यता देखाउँदै स्थायी पसल भाडामा लिन नसक्दा सडक किनारमै व्यापार गर्नुपरेको बताउँछन् । तर सहर व्यवस्थापनका जानकारहरू सार्वजनिक सडक अतिक्रमणलाई समाधान मान्न नसकिने बताउँदै वैकल्पिक व्यवस्थापन आवश्यक रहेको सुझाव दिन्छन् ।

स्थायी व्यवसायीहरूले पनि असमान प्रतिस्पर्धाको गुनासो गरेका छन् । स्थानीय व्यापारी रूपनारायण राउत भन्छन्, 'हामी कर तिर्छौं, भाडा तिर्छौं, नियम पालना गर्छौं, तर सडकमै व्यापार गर्नेहरूलाई नियन्त्रण नगर्दा हामी मारमा परेका छौँ ।'

वर्षौंदेखि दोहोरिँदै आएको यो समस्या 'हटाऊ अभियान'ले मात्र समाधान नहुने देखिएको छ । सरोकारवालाहरूले व्यवस्थित हाटबजार, खुला व्यापारिक क्षेत्र वा साना व्यापारीका लागि छुट्टै स्थान निर्धारण गरेर दीर्घकालीन समाधान खोज्नुपर्ने सुझाव दिएका छन् ।

जनकपुरधाम धार्मिक, सांस्कृतिक र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण सहर मात्र नभई प्रदेशको राजधानीसमेत हो । यस्तो सहरको मुख्य बजार क्षेत्र अव्यवस्थित हुँदा यसको समग्र छविमा नकारात्मक प्रभाव पर्ने निश्चित छ ।

# जेन्जी घाइतेको विवरण सार्वजनिक

**काठमाडौँ ।**
सरकारले जेन्जी आन्दोलनका क्रममा घाइते भएका सूचीकृत सम्पन्न गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पछिल्लो पटक थप २२ जनाको नाम समावेश गर्दै जेन्जी आन्दोलनमा घाइतेको सूचीकृत सम्पन्न गरेको हो । पछिल्लो पटक प्राप्त २ सय ५० जनामध्ये २२ जना मात्र घाइतेको नाम सूचीकृत गरेसँगै जेन्जी आन्दोलनमा घाइतेको विवरण सार्वजनिक गरिएको स्वास्थ्य आपत्कालीन सञ्चालन केन्द्रका प्रमुख डा. प्रकाश बुढाथोकीले जानकारी दिए ।

उनका अनुसार मन्त्रालयको मापदण्डअनुसार जेन्जी आन्दोलनका क्रममा घाइतेको संख्या दुई हजार ६ सय ६० पुगेको छ । 'निर्वाचनपछि नयाँ सरकार बनपछि थप हामीसँग प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृह मन्त्रालय र अन्य ठाउँबाट २ सय ५० जनाको नाम आएको थियो,' उनले भने, 'तर मन्त्रालयको मापदण्डअनुसार २२ जना मात्र घाइतेको प्रमाणीकरण गरी सूचीकृत गरिएको हो ।'

केन्द्रका प्रमुख डा. बुढाथोकीले ती २२ जनाको नाम गत भदौ २३ र २४ गतेको अस्पतालमा भएको 'रेकर्ड' र अस्पतालको प्रमुखले प्रमाणीकरण पठाएपछि मात्र मन्त्रालयले प्रमाणीकरण गरी सूचीकृत गरेको बताए । गत भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनमा देशभरिका ९९ अस्पतालमा घाइतेको उपचार भएको थियो । नयाँ प्रमाणीकरण भएका २२ जनाको नाम गृहमन्त्रालयमा पठाइएको उनले बताए । जेन्जी घाइतेहरूले अध्ययन गर्न कोटा, जागिर र उपचार पाउने गर्दछन् ।

# गण्डकदेखि मितेरीपुलसम्मको

# केन्द्रविन्दु छुट्ट्याउन थालियो



**वीरगंज ।**
सडक डिभिजन हेटौँडाले त्रिभुवन राजपथअन्तर्गतको गण्डकचोकदेखि मितेरीपुलसम्मको सडकको केन्द्रविन्दु निर्धारणका लागि नापजाँच सुरु गरेको छ ।


सडक डिभिजन हेटौँडा, मालपोत तथा भूमिसुधार कार्यालय, वीरगंज महानगरलगायतको संयुक्त टोलीले आज वीरगंजको घण्टाघर आसपासको सडकको रेखाङ्कन तथा नापजाँचको काम अघि बढाएको हो । सडक डिभिजन हेटौँडाले यही वैशाख ६ गते सो सडकखण्डमा अतिक्रमण गरेर बनाएका घर–टहरा स्काभेटर लगाएर भत्काउन थालेको थियो ।

त्रिभुवन राजपथअन्त्रगत सो सडकको केन्द्रविन्दुबाट दायाँबायाँ २५–२५ मिटर मापदण्ड तोकिएको छ । सोही मापदण्डअनुसार सडक डिभिजन हेटौँडाले वैशाख १५ गतेदेखि सो खण्डको सडकको केन्द्रविन्दु निर्धारण गर्न सुरु गरेको हो । सडक डिभिजन हेटौँडाका इन्जिनियर भोलाप्रसाद साहले मापदण्डअनुसार सडकको केन्द्रविन्दु निर्धारण गर्न लागेको जानकारी दिए । 'गत वैशाख ६ गते अतिक्रमण गरेर निर्माण गरिएका घर टहरालगायतका संरचना भत्काउन थालेका थियौँ,' उनले भने, 'आजदेखि प्राविधिक खटाएर सडकको केन्द्रविन्दु छुट्ट्याउने काम भइरहेको छ ।'

वीरगंज महानगरले सडकको केन्द्रविन्दुबाट २५–२५ मिटरपछि पनि थप सडकको दायाँबायाँ पाँच–पाँच फिट छोड्न निर्देशन दिएको छ । इन्जिनियर साहले सडक विभागले गण्डकचोकदेखि मितेरीपुलसम्मको सडकको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माणका लागि आवश्यक तयारी थालिसकेको बताए । 'हामीले अतिक्रमित संरचनाको साइट क्लिरेन्सलगायतको काम गरिरहेका छौँ,' उनले भने, 'सडक विभागबाट डिपिआर तयार पार्ने काम भइरहेको छ ।'

# पेस्तोल र लागुऔषधसहित

# चार जना पक्राउ



**काठमाडौँ ।**
लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वरको टोलीले एक थान पेस्तोल, म्यागेजिन र लागुऔषधसहित चार जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा बूढानीलकण्ठ नगरपालिका–५ का २३ वर्षीय कबिर देउला, ४२ वर्षीया सविना पोडे, २६ वर्षीय संसार सिटौला र ललितपुर गोदावरी नगरपालिका–११ का २६ वर्षीय सुवास शाही रहेको लागुऔषध नियन्त्रण ब्यूरोका प्रवक्ता एवं प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीले जानकारी दिए ।

उनले भने, 'काठमाडौँका विभिन्न स्थानबाट हाम्रो टोलीले एक थान पेस्तोल, म्यागेजिन, गोली र लागुऔषध ट्रामाडोलसहित चार जना पक्राउ गरेको छ । उनीहरूका बारेमा अनुसन्धान भइरहेको छ ।'

उनका अनुसार पक्राउ परेकाहरूको साथबाट प्रहरीले पेस्तोल एक थान, सोही पेस्तोलको म्याग्जिन तीन थान, सोही पेस्तोलको गोली चार राउन्ड, एसएलआर हतियारको गोली दुई राउन्ड र नियन्त्रित लागुऔषध ट्रामाडोल १६ हजार ७ सय ५० ट्याब्लेट प्रहरीले बरामद गरेको छ । पक्राउ परेकाहरूका सम्बन्धमा प्रहरीले थप आवश्यक अनुसन्धान गरिरहेको प्रवक्ता रेग्मीले बताए ।

# थप १९ चिकित्सकको लाइसेन्स खारेज

**काठमाडौँ ।**
नेपाल मेडिकल काउन्सिलले थप १९ जना चिकित्सकको दर्ता प्रमाणपत्र (लाइसेन्स) खारेज गरेको छ । काउन्सिलले नेपाली नागरिकता परित्याग गरेका १९ जना चिकित्सकको लाइसेन्स दर्ता खारेज गरेको काउन्सिलका रजिष्ट्रार डा. सतिशकुमार देवले जानकारी दिए ।

यसअघि काउन्सिलले नेपाली नागरिकता त्यागेर विदेशी राहदानी लिएका १७ जनाको लाइसेन्स खारेज गरेको थियो । उनले नेपाली नागरिकता त्यागी विदेश राहदानी लिएका ती चिकित्सकको लाइसेन्स खारेज गरिएको बताए । उनले ती चिकित्सकको दर्ता किताबबाट नाम समेत हटाइएको बताए ।

'नेपाल मेडिकल काउन्सिल ऐन २०२०, नियमावली २०२४, नेपाल नागरिकता ऐन २०६३ अनुसार नेपाली नागरिकता परित्याग गरी विदेशी राहदानी लिएका ती १९ जना चिकित्सकको काउन्सिलको दर्ता किताबबाट नाम दर्ता खारेज गर्ने निर्णय गरिएको छ,' उनले भने ।

ती चिकित्सक नेपाली नागरिकता त्यागेर ब्रिटिस, क्यानेडियन, अमेरिकन, न्युजिल्यान्ड, जर्मन, अष्ट्रेलियन र भारतीय नागरिकता लिएकाले दर्ता खारेज गरिएको हो । उनका अनुसार डा. सुमिन्द्रा पुन, डा. शैलेशकुमार जयसवाल, डा. भूपेश खड्का, डा. आरती रानाभाट, डा. रमेशराज पहारी, डा. सञ्जोक घले, डा. ऋषिराज बराल, डा. प्रभु पाण्डे, डा. तृप्ती महर्जन र डा. सृजना श्रेष्ठ रहेका छन् ।

यस्तै, लाइसेन्स खारेज हुनेमा डा. सुनिता विष्ट, डा. दीपा मल्ल, डा. सौरब जिसी, डा.जेनिसा श्रेष्ठ, डा. प्रभास रेग्मी, डा. दिपीका ज्ञवाली, डा. हेमु चौरसिया, डा. समीक्षा शर्मा र डा. मनोरमा पाण्डे रहेका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन